# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६६

# Overview of Weekly Media Study Vol. 66

**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com

**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ वैशाख १३, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८३ साल वैशाख ७ गतेदेखि १३ गतेसम्मका प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– सत्य नै अक्षय; अक्षय तृतीयाको सन्देश : सत्कार्यको निरन्तरता र परोपकार; आदर्शकी प्रतिमूर्ति : माता जानकी; कामपाद्वारा प्राचीन मूर्ति पुनःस्थापित; लन्डनमा बिस्का : जात्रा, भक्तपुर बिर्साउने माहोल; रातो मछिन्द्रनाथ जात्राको सन्दर्भिकता; रातो मत्स्येन्द्रनाथको पूजा गर्नेहरूको भीड; बालेनदेखि बौद्ध भिक्षु फेला पार्दा चकित बने अक्सफोर्ड टोली; पर्यटन र आम्दानी जोड्दै पाँचथरको चौँरी महोत्सव : गोठ नै बने 'गोठबास'; पर्यटकको पर्खाइमा म्याग्दीको पाउद्वार मुर्ताला गुफा : जहाँ ढुङ्गामै देखिन्छन् देव-आकृति; प्राकृतिक सौन्दर्यता र संस्कृतिको सङ्गम भच्चेक आन्तरिक पर्यटनको उदीयमान गन्तव्य बन्दै; दुई दिने बिदाले पोखरा पर्यटनमा चहलपहल; सोलुखुम्बुमा पहिलोपटक जिपलाइन सञ्चालनमा; टिटी ताल पर्यटक आकर्षणको केन्द्र बन्दै; पर्यटकका रोजाइमा सिन्धुपाल्चोकको भैरवकुण्ड; एक महिनामा त्रिभुवन विमानस्थलबाट ७ लाख यात्रुले सेवा लिए; 'राम'सँग रमाउँदै पर्यटक (तस्वीरहरू); प्रेमको प्रतीकका रूपमा सहलेश फूलबारी लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– भारतीय पर्यटकले पोखरा भरिभराउ; महिला आरक्षण विधेयक असफल हुनु मोदीले भनेजस्तै 'राजनीतिक भ्रूण हत्या' हो ?; मन्दीको जोखिममा विश्व अर्थतन्त्र; चोरिएर लन्डन पुगेको १३ औँ शताब्दीको महागौरी मूर्ति आफ्नै मन्दिरमा पुनःस्थापित; ऋणको ब्याजदर इतिहासकै न्यून विन्दुमा; विश्व पृथ्वी दिवस : ९ बुँदे गोक्यो घोषणापत्र जारी गर्दै जलवायु सम्मेलन सम्पन्न तथा लोकतन्त्रमाथिको वैश्विक चिन्ता; सामाजिक भाष्य बदल्ने शक्ति; कम्युनिस्टले वर्ग छाडे कि वर्गले कम्युनिस्ट पार्टी ?; यिनै अनुहार देखाएर वामले पाउलान् त आम विश्वास ?; वाम एकताको सल्लाह छैन, हल्ला धेरै; प्रधानमन्त्री बालेनले काठमाडौं मोडल देशभर लागू गर्लान् ?; बिचौलियारहित प्रशासनिक सेवा; जितगढी विजयउत्सव : राष्ट्रिय स्वाभिमानमा इतिहास रचेको दिन; विश्वविद्यालयबाट विद्यार्थी संगठन हटाउन सुरक्षा युनिट, भवन र जमिन नदिने; प्रदेश खारेजीका लागि दुई तिहाइ पुऱ्याउन सहयोग गर्छौं : ज्ञानेन्द्र शाही; सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकार; बालमन्दिरको सम्पत्ति जोगाउन सरकारी पहल; शासकीय सुधारका लागि डिजिटल रूपान्तरण; थला परेको सार्कको विकल्प किन नखोज्ने ?; अबको शिक्षा : प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी; शैक्षिक सत्र सारिँदा अन्योल, क्यालेन्डर अस्तव्यस्त; जेनजी आन्दोलनका दोषीलाई कारबाही सिफारिस 'छिट्टै' : मानव अधिकार आयोग; प्रशासन सुधारका लागि प्राथमिकताका विषय; एआई युगको शैक्षिक मार्गचित्र; साझा प्रयासबाटै पर्यावरण संरक्षण; लोकतन्त्रको सुन्दर पक्ष; नागरिकलाई स्पर्श गर्ने लोकतन्त्रको खोजी; प्राथमिकतामा रोजगारी; एसइईको नतिजा वैशाख अन्तिम साता; हट्यो बागमती किनार अतिक्रमण; सिंहदरबारप्रति जनआशा; बालेनको समय : कति सहज, कति असहज ? लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास गरिएको छ ।

**Date: 2083 Baisakh 13, Sunday**

**Weekly Media Study Summary– Part 66**

This Weekly Media Monitoring Report, presented by Nepal Samwad Kendra, has been prepared after an in-depth study of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online platforms, print and television media from **Baisakh 7 to 13, 2083 B.S.** The report includes positive, readable and constructive contents published during this period.

During this period, Nepali media covered topics such as; *"Truth is eternal; The message of Akshaya Tritiya: Continuity of good deeds and altruism; The ideal embodiment: Mother Janaki; Biska Jatra in London creating an atmosphere reminiscent of Bhaktapur; The relevance of Rato Machhindranath Jatra; crowds of devotees worshipping Rato Matsyendranath; The Oxford team astonished after encountering Balen and Buddhist monks; Linking tourism and income through the Chauri Festival of Panchthar: Sheds turning into 'Gothbas'; Awaiting tourists at Myagdi's Paudwar Murtala Cave where divine figures appear on stones; Bhachek emerging as a new destination of internal tourism blending natural beauty and culture; Increased tourism activity in Pokhara due to a two-day holiday; Zipline operation launched for the first time in Solukhumbu; Titi Lake becoming a center of attraction for tourists; Bhairav Kunda of Sindhupalchok among tourists' preferences; 700,000 passengers served from Tribhuvan International Airport in a month; Tourists enjoying with 'Ram' (photos); Sahalesh Phulbari as a symbol of love; Beautiful Bhachek"* among others.

In terms of international, diplomatic, democratic and social news, topics like; *"Indian tourists filling Pokhara; Failure of the women's reservation bill termed as 'political foeticide' as stated by Modi?; Global economy at risk of recession; The 13th-century Mahagauri idol stolen and taken to London reinstalled in its original temple; Interest rates on loans at a historic low point; World Earth Day; Climate conference concluded issuing the 9-point Gokyo Declaration along with global concerns over democracy; The power to reshape social narratives; Have communists abandoned class or has class abandoned the communist party?; Will the left regain public trust with the same faces?; More noise than advice on left unity; Will Prime Minister Balen implement the Kathmandu model nationwide?; Intermediary-free administrative services; Jitgadhi Victory Festival: A historic day of national pride; Security units, buildings and land not to be provided to remove student organizations from universities; Gyanendra Shahi -Support to reach two-thirds majority for abolishing provinces; Local governments in public service delivery; Government initiative to protect Balmadir property; Digital transformation for governance reform; Why not seek an alternative to the inactive SAARC?; Future education: not competitive but inspirational; Confusion due to shifting academic sessions and disrupted calendar; Recommendation for action against those responsible for the Gen Z movement 'soon'- Human Rights Commission; Priority areas for administrative reform; Educational roadmap in the AI era; Environmental protection through collective efforts; The beautiful aspect of democracy; The search for a democracy that touches citizens; Employment as a priority; SEE results expected in the last week of Baisakh; Encroachment removed from Bagmati riverbanks; Public expectations from Singha Durbar; Balen's tenure: how easy, how difficult?"* were included among others.

The subjects included in this weekly media monitoring report presents a clear, factual and systematic overview of national and international contemporary, relevant and strategic issues. This report is expected to serve as a useful reference material for researchers, policymakers, readers, and media professionals.

**२०८३ बैशाख ७ गतेदेखि बैशाख १३ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा**

## सत्य नै अक्षय

हामी उत्सवधर्मी छौँ, उत्सवमा रमाउँछौँ, उत्सवमै धर्मका सूक्ष्म तत्व पहिल्याउँछौँ पनि । सम्भवतः हाम्रा पूर्वजले चाडपर्व र उत्सवका माध्यमबाट धर्मको बोध भइरहोस् भनेर नै हाम्रासामु पात्रोभरि अनेकौँ यस्ता तिथि र दिवसका शृङ्खला दिएका हुन्, जुन वास्तवमै प्रेरक छन् । यी प्रत्येक वर्ष आउँछन् र हामीलाई आत्मजागरण र समाजहितका निम्ति झकझक्याएर जान्छन् । यो सुन्दर क्रमले हाम्रासामु स्नान, दान, आत्मचिन्तन र परोपकारको सँगालोका रूपमा अक्षय तृतीया तिथिलाई उभ्याएको छ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/202014**

## अक्षय तृतीयाको सन्देश : सत्कार्यको निरन्तरता र परोपकार

प्रत्येक महिना (सामान्यतया ३० दिन) को दुई भागमध्ये कुनै एक भाग, अर्थात् चन्द्रमासको पन्ध्र-पन्ध्र दिनको दुवै भागलाई पक्ष भनिन्छ । यो पन्ध्र दिनको समयको अघिल्लो भागलाई कृष्ण पक्ष र पछिल्लो भागलाई शुक्ल पक्ष भनिन्छ। चन्द्रमाको कला घट्ने वा बढ्ने अवस्थाअनुसार गणना गरिने प्रत्येक दिनलाई तिथि भनिन्छ । चन्द्रमासका अलग-अलग तिथिहरू, जसको नाम सङ्ख्याका आधारमा नै तोकिएको छ, प्रत्येक पक्षमा १५ वटा हुन्छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/558057/message-of-akshaya-tritiya-continuation-of-good-deeds-and-charity**

## आदर्शकी प्रतिमूर्ति : माता जानकी

हिन्दू धर्मशास्त्र अनुसार वैशाख शुक्ल नवमीका दिन जगज्जननी जानकी माताको प्राकट्य भएको मानिन्छ । यस पावन दिनलाई 'सीता नवमी' वा 'जानकी नवमी' का रूपमा श्रद्धापूर्वक मनाइन्छ । धार्मिक मान्यता अनुसार, त्रेतायुगमा मिथिलाका राजा जनकले यज्ञको भूमि तयार गर्न हलो जोत्दा धर्तीबाट एउटी कन्याका रूपमा उहाँ प्रकट हुनुभएको थियो। मिथिलाका राजा जनक उहाँका जनक पनि बन्नुभयो । धर्तीकी पुत्री हुनुको नाताले उहाँमा पृथ्वी जस्तै सहनशीलता र उदारता थियो । राजा जनकको दरबारमा उहाँले शास्त्र र शस्त्र दुवैको ज्ञान प्राप्त गर्नुभयो । उहाँ 'वैदेही' (देहको मोह नभएकी) र 'जानकी' का नामले पनि चिनिनुहुन्छ । **https://annapurnapost.com/story/498672/**

## कामपाद्वारा प्राचीन मूर्ति पुनः स्थापित

काठमाडौँ महानगरपालिकाले विभिन्न समयमा चोरी भएर विदेशका सङ्ग्रहालयमा पुगेका प्राचीन मूर्ति फिर्ता गर्ने र सङ्ग्रहालयमा राखिएका मूर्तिलाई आफ्नै स्थानमा फिर्ता गराउन थालेको छ। कामपाले विश्व सम्पदा दिवसको अवसर पारेर राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा राखिएको १३औँ शताब्दीको महागौरी/पार्वतीको नृत्य भावको प्रस्तर मूर्ति वडा नं २० मरुस्थित गःगुठी सूर्यमुखी महादेव मन्दिर परिसरको आफ्नै आसनमा पुनःस्थापित गरेको छ । कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गत, वडा नं २० का अध्यक्ष राजेन्द्र मानन्धर, सम्पदा अभियानकर्ताद्वय गणपतिलाल श्रेष्ठ र अधिवक्ता सञ्जय अधिकारीले सङ्ग्रहालयको जुद्धजातीय कलाशालामा राखिएको यो मूर्ति बुझेर ल्याउनुभएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202040**

## लन्डनमा बिस्का : जात्रा, भक्तपुर बिर्साउने माहोल

प्राय बेलायतीहरुले भरिने डार्टफोर्डस्थित ओपन एयर थिएटर सेन्ट्रल पार्क आइतबार नेपाली समुदायको नियन्त्रणमा थियो । सो मनोरम पार्क विशेषगरी नेवारी कला संस्कृतिले झकिझकाउ बन्यो । हाकुपटासी, न्यापुसिखः, तायो, पछ्यौरा, चाँदीको सिक्री, झुम्का, कल्ली र मखमलको जुत्तामा सजिएका महिलाहरुले बेग्लै आकर्षण थपिरहेका थिए । दौरा सुरुवाल, स्टकोट र कालो टोपीमा ठाँटिएका पुरुषहरुको सौन्दर्य पनि कम थिएन । पृष्ठभूमिमा गुन्जिरहेको थियो धिमे, धाः बाजा र बासुरी धुन । बाँकी...

स्रोत : [https://www.onlinekhabar.com/2026/04/1915067/biska-in-london-jatra-an-atmosphere-that-will-make-you-forget-bhaktapur](https://www.onlinekhabar.com/2026/04/1915067/biska-in-london-jatra-an-atmosphere-that-will-make-you-forget-bhaktapur)

## रातो मत्स्येन्द्रनाथको पूजा गर्नेहरूको भीड

ललितपुरको प्रसिद्ध रातो मत्स्येन्द्रनाथको रथयात्रा अन्तर्गत आज गाबहालबाट मंगलबजारसम्म रथ तानिँदैछ । वर्षा र सहकालका देवता मानिने मत्स्येन्द्रनाथको दर्शन र आशीर्वाद लिन बिहानैदेखि भक्तजनहरुको निकै ठुलो भीड लागेको छ । मंगलवार पुल्चोकबाट रथ तानेर गाबहाल पुऱ्याइएको थियो बाँकी... स्रोत : [https://www.ratopati.com/story/558518/crowds-of-people-worshipping-the-red-matsyendranath](https://www.ratopati.com/story/558518/crowds-of-people-worshipping-the-red-matsyendranath)

## रातो मछिन्द्रनाथ जात्राको सन्दर्भिकता

रातो मछिन्द्रनाथको जात्रा नेपालकै सबैभन्दा लामो र ऐतिहासिक सांस्कृतिक पर्वमध्ये एक हो, जुन विशेष गरी ललितपुर क्षेत्रमा अत्यन्त श्रद्धा र उत्साहका साथ मनाइन्छ । रातो मछिन्द्रनाथ जात्रा केवल धार्मिक अनुष्ठान मात्र नभई सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले अत्यन्त महत्वपूर्ण परम्परा हो, जसले नेपाली समाजको जीवन्तता र विविधतालाई उजागर गर्छ । बाँकी...

स्रोत : [https://samwadkhabar.com/news/14121](https://samwadkhabar.com/news/14121)

स्रोत : [https://www.onlinekhabar.com/2026/04/1916460/the-chariot-of-rato-matsyendranath-at-mangal-bazaar-to-be-restored-today](https://www.onlinekhabar.com/2026/04/1916460/the-chariot-of-rato-matsyendranath-at-mangal-bazaar-to-be-restored-today)

## बालेनदेखि बौद्ध भिक्षु फेला पार्दा चकित बने अक्सफोर्ड टोली

नेपालमा एक जना चर्चित र्‍यापर चुनाव जितेर प्रधानमन्त्री बनेको खबरले रोमाञ्चित बनेका बेलायती युवा, ज्याक मार्की दुई साताअघि काठमाडौं ओर्लिंदा थप चकित बने । बालेन र्‍यापर मात्रै नभएर काठमाडौंका पूर्वमेयर र पीएचडी क्यान्डिडेटसमेत भएको उनले यहाँ आएपछि बल्ल थाहा पाए । 'मलाई त बालेन र नेपालबारे आधा-अधुरो मात्रै ज्ञान रहेछ,' उनले भने, 'अहिले पो वास्तविकता बुझ्दै छु । पश्चिममा मिडियाले बालेनलाई र्‍यापर मात्रै भनेर चिनाइरहेका छन् । उनले जुन शैलीमा चुनाव जिते, त्यसले विश्वभरका मानिसको ध्यान तानेको छ । अहिले उनी र उनको टोलीको काँधमा सिंगै देशको आशा अडिएको देखिन्छ ।' बाँकी... स्रोत : [https://ekantipur.com/feature/2026/04/22/oxford-team-surprised-to-find-buddhist-monk-from-balen-10-05.html](https://ekantipur.com/feature/2026/04/22/oxford-team-surprised-to-find-buddhist-monk-from-balen-10-05.html)

## पर्यटन र आम्दानी जोड्दै पाँचथरको चौँरी महोत्सव : गोठ नै बने 'गोठबास'

पाँचथरको फालेलुङ गाउँपालिकाको चाररातै-फालोट क्षेत्रमा नौ वर्षदेखि आयोजना भइरहेको चौँरी पर्यटन महोत्सवले यहाँका चौँरीपालकहरूलाई फाइदै फाइदा पुऱ्याएको छ । विसं २०७४ सालदेखि समुद्री सतहबाट तीन हजार ५०० मिटर उचाइको फालोट क्षेत्रमा आयोजना हुने महोत्सवले चौँरीपालन संवर्द्धन हुनाका साथै चौँरीजन्य सामग्रीले अन्तर्राष्ट्रिय बजार पाएको छ। चौँरीपालकका गोठहरू नै अहिले पर्यटक बस्ने स्थल बनेका छन् भने यहाँ पूर्वाधार विकास पनि बढ्दै गएको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/558034/panchthars-chauri-festival-combines-tourism-and-income-the-barn-became-gothbas**

## पर्यटकको पर्खाइमा म्याग्दीको पाउद्वार मुर्ताला गुफा : जहाँ ढुङ्गामै देखिन्छन् देव-आकृति

अन्नपूर्ण गाउँपालिका-५ मा रहेको पाउद्वार मुर्ताला धार्मिक गुफा पर्यटक र पूर्वाधारको पर्खाइमा छ । स्थानीयवासीले 'पाउद्वार मुर्ताला धार्मिक गुफा' नामकरण गरेको यस गुफाभित्र अनौठा दृश्यहरू अवलोकन गर्न सकिन्छ । पाउद्वारका बासिन्दा जसे पुनका अनुसार दुईतले गुफाभित्र विभिन्न देवीदेवता, मानिसको शरीरका अङ्ग, शिवलिङ्ग, जनावरका थुन, खुर, सिङजस्ता आकृतिहरू अवलोकन गर्न सकिन्छ, तर यो गुफा ओझेलमा परेको छ। बाँकी... स्रोत : **https://www.ratopati.com/story/558026/myagdis-paudwar-murtala-cave-awaits-tourists-where-the-images-of-gods-are-visible-in-the-stones**
**ljZj k[YjL lbj; M ( a'Fb] uf]Sof] 3f]if0ffkq hf/L ub}{ hnjfo' ;Dd]ng ;DkGg**

## प्राकृतिक सौन्दर्यता र संस्कृतिको सङ्गम भच्चेक आन्तरिक पर्यटनको उदीयमान गन्तव्य बन्दै

अजिरकोट गाउँपालिकाको भच्चेक बजार पछिल्ला दिनहरूमा आन्तरिक पर्यटकहरूको रोजाइमा पर्दै गएको छ । समुद्र सतहबाट करिब १,७५० मिटर उचाइमा अवस्थित यस स्थानको शान्त वातावरण, चिसो हावापानी र वरिपरि देखिने हिमाली दृश्यहरूले यहाँ पुग्ने जो-कोहीलाई आकर्षित गर्ने गर्छ । सडक पहुँच सहज भएसँगै पर्यटकहरू यहाँ पुगेर प्रकृतिको आनन्द लिन आउने क्रम बढ्दो छ। भच्चेकबाट गोरखा र लमजुङका फाँटहरूका साथै सफा मौसममा हिलचुली, गणेश र अन्नपूर्ण हिमश्रृंखलाको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/558465/bhaktapur-a-confluence-of-natural-beauty-and-culture-is-becoming-an-emerging-destination-for-domestic-tourism-photos**

## सुन्दर भच्चेक

अजिरकोट गाउँपालिकाको भच्चेक, नम्की र आसपासका क्षेत्रहरू यतिवेला सुन्दर देखिएका छन् । शान्त वातावरण, चिसो हावापानी र वरिपरि देखिने हिमाली दृश्यहरूले यहाँ पुग्ने जो-कोहीलाई आकर्षित गर्ने गर्छ । पछिल्ला दिनहरूमा भच्चेक, नम्की आन्तरिक पर्यटकहरूको रोजाइमा पर्दै गएको छ । हामी त्यहाँ पुग्दा जे देख्यौँ बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193387/2026-04-22**

## दुई दिने बिदाले पोखरा पर्यटनमा चहलपहल

सरकारले हालै कार्यान्वयनमा ल्याएको शनिबार र आइतबारको दुई दिने सार्वजनिक बिदाको निर्णयलाई पोखराका पर्यटन व्यवसायीहरूले स्वागत गरेका छन् । यस निर्णयले आन्तरिक पर्यटनलाई गति दिनुका साथै सुस्ताएको पर्यटन व्यवसायमा नयाँ आशा सञ्चार गरेको व्यवसायीहरूको भनाइ छ । उनीहरूले यसलाई 'होलिडे प्याकेज' का रूपमा विकास गरी ओझेलमा परेका गन्तव्यहरूको प्रवर्धन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । पर्यटन व्यवसायीहरूका अनुसार यो निर्णयले कर्मचारी वर्ग मात्र होइन, समग्र अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्ने छ । नेपालीहरूमा भ्रमण संस्कृतिको विकास गर्न र आन्तरिक पर्यटनको सम्भावना उजागर गर्न यो निर्णय कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/202401**

## सोलुखुम्बुमा पहिलोपटक जिपलाइन सञ्चालनमा

सोलुखुम्बुको नेचासल्यान गाउँपालिका गौरीटापमा पहिलोपटक जिपलाइन सञ्चालनमा आएको छ । नेचासल्यान गाउँपालिकाले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले समुद्री सतहभन्दा करिब तीन हजार मिटर उचाइमा अवस्थित पर्यटकीयस्थल पत्तालेको सिमाना गौरीटापमा जिपलाइन निर्माण गरी सञ्चालनमा ल्याएको हो । आन्तरिक तथा बाह्य पर्यटकलाई जिल्ला भित्र्याई नागरिकको आयआर्जनमा वृद्धि गर्न, छिमेकी जिल्ला र छिमेकी स्थानीय तहमा पर्यटन प्रवर्द्धनमा सघाउ पुर्याई ग्रामीण पर्यटनमा टेवा पुर्याउने उद्देश्यका साथ पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गरिएको नेचासल्यान गाउँपालिकाका अध्यक्ष धनजन राईले जानकारी दिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915452/zipline-in-operation-for-the-first-time-in-solukhumbu**

## टिटी ताल पर्यटक आकर्षणको केन्द्र बन्दै

मुस्ताङको थासाङ गाउँपालिका-५ मा अवस्थित लाम्चो आकारको टिटी ताल अवलोकनका लागि पर्यटकको आकर्षण बढ्दै गएको छ । तालको भ्रमणमा आउनुभएकी छिमेकी जिल्ला म्याग्दीको अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष दिवाकुमारी पुन तिलिजाले तालमा पौडिरहेका हाँस र बिच भागका थुम्कामा बनाइएका गुँड देखेर दंग पर्नुभयो । धुपी र सल्लाका रुखले घेरिएको आकर्षक पूर्वाधारयुक्त यस तालको प्राकृतिक सौन्दर्यले तिलिजाजस्तै दैनिक रूपमा आउने पर्यटकहरूलाई लोभ्याउने गरेको छ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/202547**

## पर्यटकका रोजाइमा सिन्धुपाल्चोकको भैरवकुण्ड

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकामा स्थित भैरवकुण्ड क्षेत्रमा पछिल्लो समय पर्यटकको चाप बढेको छ । कुण्डमा हिन्दू तथा बौद्ध धर्मावलम्बी पूजाआज समेत गर्दछन् । यसलाई शेर्पाहरुले आमा छ्यूमेनका रुपमा पूजा गर्दछन् । समुद्री सतहबाट छ हजार ५६७ मिटरको उचाइमा पर्ने फुर्वी घ्याचु भञ्ज्याङको फेदीमा अवस्थित सो कुण्ड समुद्री सतहबाट चार हजार १२४ मिटरको उचाइमा पर्दछ । भोटेकोशी गाउँपालिका अध्यक्ष पासाङनोर्बु शेर्पाका अनुसार सो ताल करिव ८४ हजार १९३ वर्गमिटरमा फैलिएको छ । तर तालको गहिराइको मापन भने अझैसम्म गरिएको छैन । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/202551**

## हवाई भाडा र लागत बढे पनि सगरमाथा आरोहणमा आकर्षण उस्तै

पश्चिम एसियामा जारी तनावका कारण हवाई भाडा अकासिएको छ। यातायात, आवास तथा अन्य खर्च बढेसँगै पर्यटन क्षेत्र नराम्ररी प्रभावित भएको छ। तर सगरमाथा आरोहणप्रतिको आकर्षण उस्तै छ। टुर अपरेटरहरूका अनुसार ट्रेकिङ र यात्राका बुकिङ सामान्य दिनको तुलनामा करिब ६० प्रतिशतले घटेका छन्। तर सगरमाथा आरोहण अभियानमा यसको कुनै प्रभाव परेको देखिन्न। जब कि सरकारले आरोहण शुल्क यहीबीचमा बढाएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/04/20/despite-the-increase-in-airfare-and-costs-the-attraction-of-climbing-mount-everest-remains-the-same-48-29.html**

## एक महिनामा त्रिभुवन विमानस्थलबाट ७ लाख यात्रुले लिए सेवा

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक महिना अवधिमा ७ लाख ११ हजार ३ सय ५७ यात्रुले सेवा लिएका छन् । त्रिभुवन विमानस्थल कार्यालयका अनुसार मार्च २०२६ मा अन्तर्राष्टियतर्फ कुल ३ लाख ७५ हजार ६ सय ७४ र आन्तरिकतर्फ ३ लाख ३५ हजार ६ सय ८३ यात्रुले सेवा लिएका छन् । अन्तर्राष्ट्रियतर्फ कुल २८ वायुसेवा कम्पनीले उडान/अवतरण गरेको कार्यालयको तथ्यांक छ। कार्यालयका अनुसार अन्तर्राष्ट्रियतर्फ नेपालबाट १ लाख ९२ हजार १ सय ५५ यात्रु विदेश प्रस्थान गरेका छन् । १ लाख ८३ हजार ५ सय १ यात्रु नेपाल भित्रिएको विमानस्थल कार्यालयको तथ्यांक छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914690/700000-passengers-used-tribhuvan-airport-services-in-one-month**

## 'राम'सँग रमाउँदै पर्यटक (तस्वीरहरू)

चितवनको सौराहामा पर्यटकहरू जंगल सफारी गर्न मात्रै होइन, एउटा 'घरपालुवा जस्तो भइसकेको' एकसिङ्गे गैंडा भेट्न पनि पुग्छन् । त्यो गैंडाको नाम हो, 'राम' । बाघमारा सामुदायिक वनमा माउसँग छुट्टिएर बाघको आक्रमणमा घाइते भएको अवस्थामा करिब एक महिनाको हुँदा उद्धार गरिएको राम अहिले तीन वर्षको भइसकेको छ । सुरुवातमा कमजोर र डराएको जस्तो देखिने यो गैंडाको केटो अहिले भने मान्छेसँग घुलमिल हुने, खेल्ने र पर्यटकसँग रमाउने बानी बसाइसकेको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914467/tourists-enjoying-themselves-with-ram-photos**

## प्रेमको प्रतिकको रूपमा सहलेश फूलबारी

नेपालको मधेष प्रदेशको सिराहा जिल्लामा पर्ने लाहान नगरपालिका व्यापारिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको रूपमा स्थापित छ। सिराहा क्षेत्रमा पहिलादेखि नै घना जंगल रहेको र स्थानीय भाषामा रुखका जरालाई 'शिर' भनिने भएकोले पछि यो ठाउँलाई सिराहा भन्न थालिएको पाइन्छ। सिराहा इलाका पहिले सप्तरी राज्यअन्तर्गत पर्दथ्यो। सिराहा (सप्तरी) इलाका नेपालको पूर्वी क्षेत्रको चौदण्डी राज्यको मातहत रहेकोमा सुगौली सन्धीपछि सन् १७७३ देखि नेपाल अधिराज्यको एक भागको रूपमा गाभिएको देखिन्छ। सन् १०९७ तिर सिराहा तिरहुत राज्यको एक भागको रूपमा रही सप्तरीसम्म फैलिएको थियो। बाँकी...

स्रोत : **https://www.aarthikdainik.com/view/217459/**

## फेसनलाई भाषा बनाउँदै कृति : पुतलीका लुगादेखि ग्लोबल रनवेसम्म

फेसनबारे कुरा गर्दा फेसन डिजाइनर कृति मैनालीमा एक प्रकारको आत्मविश्वास झल्किरहने गर्छ । आफ्नो पेसा र कलालाई नजिकबाट बुझ्केकी कृतिको मान्यता छ, 'म लुगा मात्र डिजाइन गर्दिनँ । बरु यस्ता पहिरनहरू बनाउँछु, जसमा अर्थ, भावना र पहिचान लुकेको हुन्छ ।' लक्जरी फेसन लेबल 'कृति'की संस्थापक हुन् उनी । उसो त कृतिलाई कहिल्यै पनि फेसन सजावट मात्र रहेन । उनका निम्ति त यो एउटा भाषा थियो । यही विश्वासले उनलाई काठमाडौंबाट टाइम्स स्क्वायरको 'सोनी हल' हुँदै पेरिस फेसन वीकको ऐतिहासिक मञ्चसम्म पुऱ्यायो । बाँकी...

स्रोत : **https://ekantipur.com/feature/2026/04/18/making-fashion-a-language-from-doll-clothes-to-the-paris-runway-17-59.html**

## Historic Gorkha-Jitgadhi trek concludes

The historic 207-kilometre, 11-day Gorkha-Jitgadhi Unification trek, which began on April 10 at Gorkha Durbar, concluded on Monday with a special ceremony at Jitgadhi in Butwal, Rupandehi district. passing through Tanahun, Syangja and Palpa, the trek covered approximately 207 kilometres before reaching Jitgadhi on the 11th day. upon arrival, a victory celebration was held featuring local processions and a variety of cultural performances. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/79076**

## Nepal Airlines plans direct Kathmandu–Dhaka flights

Nepal Airlines Corporation (NAC) is preparing to launch direct flights between Kathmandu and Dhaka in the near future. the national flag carrier said preliminary work is underway, including a feasibility study being conducted by a subcommittee formed for the purpose. despite Bangladesh being a neighbouring country, NAC has yet to operate flights to its capital, Dhaka. according to NAC officials, the move aims to expand international connectivity and address the absence of the national carrier on the route, which is currently served by Bangladeshi airlines and Nepal's private carrier, Himalaya Airlines. बाँकी...

स्रोत : **https://thehimalayantimes.com/business/nepal-airlines-plans-direct-kathmandudhaka-flights**

## भारतीय पर्यटकले पोखरा भरिभराउ

पोखराका अधिकांश होटेल अहिले भारतीय पाहुनाले भरिभराउ छन् । पश्चिम एसियाको युद्धका कारण अन्य मुलुकमा बाधक बनेको बेला भारतीय पर्यटक पोखरा घुम्न आउने क्रम बढ्दो छ । पोखरामा आन्तरिकपछि धेरै भारतीय पाहुना हुने पर्यटन व्यवसायीको भनाइ छ । पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेका अनुसार भारतीय पर्यटकको हिस्सा अहिले करिब ४० प्रतिशत रहेको छ । "भारतीय पर्यटक पोखरा धेरै नै आउने गर्छन् । सडकबाट आउने भारतीय पर्यटकले यहाँको पर्यटन क्षेत्रलाई चलायमान बनाएको छ," उहाँले भन्नुभयो ।

**https://gorkhapatraonline.com/news/202995**

## महिला आरक्षण विधेयक असफल हुनु मोदीले भनेजस्तै राजनीतिक भ्रूण हत्या हो ?

भारतीय संसदीय इतिहासमा एउटा विरलै देखिने राजनीतिक घटनाक्रम घटेको छ। शुक्रबार लोकसभामा पेस गरिएको 'एक सय एकतीसौँ संविधान संशोधन विधेयक, २०२६' आवश्यक बहुमत पुग्न नसक्दा असफल भएको छ। शक्तिशाली बहुमत भएको सरकारले ल्याएको संविधान संशोधन विधेयक सदनमा असफल हुनुलाई भारतीय लोकतन्त्रको एक महत्त्वपूर्ण र दुर्लभ क्षणका रूपमा हेरिएको छ। यो विधेयक सन् २०२३ मा पारित भएको 'नारी शक्ति वन्दन अधिनियम' को कार्यान्वयनसँग प्रत्यक्ष जोडिएको थियो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914304/is-the-failure-of-the-womens-reservation-bill-political-feticide-as-modi-says**

## मन्दीको जोखिममा विश्व अर्थतन्त्र

छिमेकी भारत विश्वको पाँचौं ठुलो अर्थतन्त्र भइसकेको थियो तर अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमइएफ) ले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार भारतलाई बेलायतले उछिनेको छ। बेलायत पाँचौं ठुलो अर्थतन्त्रमा आएको छ। अमेरिका, चीन, जर्मनी र जापान क्रमशः पहिलोदेखि चौथोसम्म ठुला अर्थतन्त्रका रूपमा कायमै छन्। भारत एक स्थान पछि धेकेलिनुमा के कस्ता कारण छन् ? यो अवस्थाका निम्ति भारतीय मुद्राको अवमूल्यन मूल कारण देखिएको छ। केही महिनामै भारतीय मुद्रा अमेरिकी डलरको तुलनामा १० प्रतिशतभन्दा बढीले अव मूल्यन भइसकेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202013**

## चोरिएर लन्डन पुगेको १३ औं शताब्दीको महागौरी मूर्ति आफ्नै मन्दिरमा पुनःस्थापित

काठमाडौँ महानगरपालिकाले विभिन्न समयमा चोरी भएर विदेशका सङ्ग्रहालयमा पुगेका प्राचीन मूर्ति फिर्ता ल्याउने र स्वदेशकै सङ्ग्रहालयमा राखिएका मूर्तिलाई आफ्नै स्थानमा पुनःस्थापित गर्न थालेको छ। महानगरपालिकाले विश्व सम्पदा दिवसको अवसर पारेर छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयमा राखिएको १३ औं शताब्दीको महागौरी/पार्वतीको नृत्य भावको प्रस्तर मूर्ति वडा नं. २० मरुस्थित ग:गुठी सूर्यमुखी महादेव मन्दिर परिसरको आफ्नै आसनमा पुनःस्थापित गरेको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/558063/stolen-13th-century-mahagauri-statue-which-was-taken-to-london-restored-to-its-original-temple**

## सीमामा १ सय रुपैयाँभन्दा बढीको सामानमा भन्सारबारे भारतीय विदेश मन्त्रालयले के भन्यो ?

नेपाल-भारत सीमा क्षेत्रमा नेपाली अधिकारीहरूले सुरु गरेको कडा भन्सार जाँच र नयाँ नियमका कारण सिर्जित तनावप्रति भारतीय विदेश मन्त्रालयले आफ्नो धारणा सार्वजनिक गरेको छ। भारतबाट १०० रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा भन्सार महसुल तिर्नुपर्ने नियम कडाइका साथ लागू भएपछि सीमावर्ती क्षेत्रका बासिन्दा आक्रोशित छन्। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/558884/what-did-the-indian-ministry-of-external-affairs-say-about-customs-duties-on-goods-worth-more-than-rs-100-at-the-border**

स्रोत : **https://shilapatra.com/detail/184088**

## ॠणको ब्याजदर इतिहासकै न्यून विन्दुमा

सर्वसाधारणले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिँदा तिर्ने ब्याजदर (भारित औसत ब्याजदर) यतिबेला औसत ६.९० प्रतिशतमा झरेको छ। यो हालसम्मकै न्यून हो। यस्तो ब्याजदर आर्थिक वर्ष २०७९/८० मा अधिकतम १३.०३ प्रतिशतसम्म पनि पुगेको थियो, जुन पछिल्ला वर्षमा निरन्तर घटिरहेको छ। राष्ट्र बैंकको पछिल्लो तथ्यांक (फागुन) अनुसार ऋणको औसत ब्याजदर अहिलेसम्मकै न्यून ६.९० प्रतिशत रहेको देखिन्छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/04/17/loan-interest-rates-at-historic-lows-44-37.html**

## काठमाडौं आइपुगे अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर

अमेरिकी विदेश मन्त्रालयका दक्षिण तथा मध्य एशिया मामिला हेर्ने सहायक विदेशमन्त्री समीर पल कपुर काठमाडौं आइपुगेका छन् । उनी आज बिहान सवा ६ बजेतिर त्रिभुवन विमानस्थलमा अवतरण भएको स्रोतको भनाइ छ । भारतीय मूलका कपुर बालेन शाह नेतृत्वको नयाँ सरकारसँग सम्बन्ध विस्तार गर्ने उद्देश्यसहित काठमाडौं आइपुगेका हुन् । काठमाडौं बसाइको क्रममा कपुरले उच्चस्तरीय भेटघाट गर्ने र सरकारका केही मन्त्रीहरुलाई पनि भेट्ने तयारी छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914466/us-assistant-secretary-of-state-samir-paul-kapoor-arrives-in-kathmandu**

## विश्व पृथ्वी दिवस : ९ बुँदे गोक्यो घोषणापत्र जारी गर्दै जलवायु सम्मेलन सम्पन्न

जलवायु न्यायको लागि हिमाली र पर्वतीय राष्ट्रहरूको नेतृत्व नेपालले गर्नुपर्ने लगायत ९ बुँदे गोक्यो घोषणापत्र जारी गर्दै खुम्बु क्षेत्रमा जलवायु सम्मेलन सम्पन्न भएको छ । विश्व पृथ्वी दिवसको अवसरमा बुधबार गोक्योमा आयोजित सम्मेलनपछि घोषणापत्र जारी भएको हो । सो घोषणापत्रमा जलवायु कूटनीति सुदृढीकरण गर्न र अन्तराष्ट्रिय मञ्चहरूमा हिमाली मुद्दाहरूलाई प्राथमिकताका साथ उठाउनु पर्ने उल्लेख छ । सोलुखुम्बुको खुम्बु पासाङ्ल्यामु गाउँपालिका र जलवायु न्याय तथा पर्यटन विकासमा सक्रिय संस्था साथसाथैले आयोजना गरेको गोक्यो जलवायु सम्मेलनपछि घोषणापत्र जारी गरेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1916582/world-earth-day-climate-summit-concludes-with-issuance-of-9-point-declaration**

## लोकतन्त्रमाथिको वैश्विक चिन्ता

अन्तर्राष्ट्रिय संस्था ‘भी-डेम’ को सन् २०२६ को प्रतिवेदन अनुसार संसारभर अहिले लोकतन्त्रमाथि धेरै चुनौती देखिएका छन् । लोकतन्त्रको अहिलेको अवस्थालाई सन् १९८७ को जस्तो भनेर त्यो प्रतिवेदनले औँल्याएको छ । एउटा लोकतन्त्रवादीका लागि थप चिन्ताको विषय सन् १९८७ मा लोकतन्त्र कमजोर भए पनि त्यसप्रतिको आकर्षण बढ्दो थियो । लोकतन्त्रीकरणको अभियान प्रारम्भ हुँदै थियो । अहिले त लोकतन्त्रप्रतिको आकर्षण घट्दो छ । अनुदारवादी लोकतन्त्रतर्फको यात्रा प्रारम्भ भए जस्तो देखिएको छ । यो अवस्थाको विश्लेषण आवश्यक छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202016**

## सामाजिक भाष्य बदल्ने शक्ति

शीतयुद्धको अन्त्य (सन् १९८९–१९९१) पछि फ्रान्सिस फुकुयामाले 'इतिहासको अन्त्य (द इन्ड अफ हिस्ट्री)' घोषणा गरिदिए। यो निकै विवादित वैचारिक अवधारणा हो। लोकतन्त्र र पुँजीवादको विश्वव्यापी विजय भएको मात्रै होइन, उनका अनुसार उदारवादी लोकतन्त्र र पुँजीवादभन्दा उन्नत कुनै पनि शासन व्यवस्था तथा आर्थिक प्रणाली अब आउनेछैन। अर्थात्, यो व्यवस्था मानिसको वैचारिक विकासको अन्तिम चरण हो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193213/2026-04-20**

## कम्युनिस्टले वर्ग छाडे कि वर्गले कम्युनिस्ट पार्टी ?

आफूले आफैँलाई प्रश्न गरेर वा निराश भएर समस्याको समाधान हुनेवाला छैन । त्यसैले फेरि पनि कम्युनिस्ट आन्दोलनको पुनर्जीवन नै अहिलेको आवश्यकता हो । केपी शर्मा ओली सरकारको सामाजिक सञ्जाल बन्द गर्ने प्रतिगामी निर्णयका कारण नवयुवाहरूमा उत्पन्न आक्रोशको आगोमा जेनजी आन्दोलन जन्मियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915948/did-the-communists-leave-the-class-or-did-the-class-leave-the-communist-party**

## यिनै अनुहार देखाएर वामले पाउलान् त आम विश्वास ?

समस्या राजनीतिक र वैचारिक हो । उपचार प्राविधिक पक्षमा या विधि र कानूनमा खोजेर हुँदैन । सिद्धान्त, विचार र राजनीतिक कार्यक्रमका विकल्पमा गरिने बहसले मात्र कस्तो पार्टी बनाउने, किन बनाउने, कहाँ जाने भन्ने निर्क्योल गर्छ । कवि श्यामलको एउटा कविता छ 'हतारमा यात्रा' शीर्षकको । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1913892/will-the-left-gain-public-trust-by-showing-this-face**

## वाम एकताको सल्लाह छैन, हल्ला धेरै

प्रतिनिधि सभा चुनावमा निकै ठूलो धक्का खाएपछि वामपन्थी वृत्तमा अहिले एकताको प्रसंग चर्चामा आउन थालेका छन् । विशेष गरी दुई ठूला दल एमाले र नेपाल कम्युनिस्ट पार्टी नेकपाबीच मिल्ने विन्दु छ कि छैन भन्दै विश्लेषण पनि हुन थालेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914432/there-is-no-advice-for-left-unity-there-is-a-lot-of-noise**

## प्रधानमन्त्री बालेनले काठमाडौं मोडल देशभर लागू गर्लान् ?

नयाँ नेपालको बहस कुनै व्यक्तिको लोकप्रियतामा मात्र टिक्ने विषय होइन। यो एक समग्र रूपान्तरणको प्रक्रिया हो, जसका लागि बहुआयामिक सुधार आवश्यक पर्छ । निम्न प्रमुख आधारहरूलाई प्राथमिकतामा राख्न सकेमा बालेन सरकार सफलतातर्फ अघि बढ्न सक्छ । गत भदौ २३ र २४ गतेको जेनजी विद्रोहले देश नयाँ दिशातर्फ लम्कियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914428/will-prime-minister-balen-implement-the-kathmandu-model-across-the-country**

## साढे पाँच अर्बमा सम्झौता भएको तामाकोशी-५ को ठेक्का दुई सातामै विवादमा

सम्झौता गरेको दुई सातामै तामाकोशी-५ जलविद्युत् आयोजनाको इलेक्ट्रो मेकानिकल इक्युपमेन्ट तथा प्रसारणलाइन आपूर्ति तथा जडानसम्बन्धी ठेक्का विवादमा परेको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी 'तामाकोशी जलविद्युत् कम्पनी लिमिटेड'ले दोलखामा ९९.८ मेगावाटको तामाकोशी-५ आयोजना बनाउँदै छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193200/2026-04-20**

## सरकारी निकायलाई दिइएको त्रिविको जग्गा फिर्ता अन्योलमा

त्रिभुवन विश्वविद्यालयका नाममा रहेको तर विभिन्न धार्मिक तथा सामाजिक संस्थाले अतिक्रमण गरेको जग्गा फिर्ता ल्याउने प्रक्रिया सुरु भए पनि सरकारी संस्थाले नै ओगटेको जग्गालाई के गर्ने भन्ने विषयमा अन्योल भएको छ । त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ ले १८ वटा धार्मिक तथा सामाजिक संस्थाले विश्वविद्यालयको जग्गा अतिक्रमण गरेको प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको थियो । प्रतिवेदन अनुसार सरकारका विभिन्न निकाय अन्तर्गत रहेका बिपी कोइराला प्लानेटोरियमलाई १६० रोपनी, कृषि बागवानी केन्द्रलाई २८१ रोपनी, आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई २५ रोपनी जग्गा विभिन्न समयमा उपलब्ध गराइएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202043**

## बिचौलियारहित प्रशासनिक सेवा

सरकारले छरितो, गुणस्तरीय र भ्रष्टाचाररहित सेवा प्रवाह गरी जनतालाई सुशासनको महसुस गराउने उद्देश्य लिएको छ । सार्वजनिक निकायप्रति कमजोर हुँदै गएको जनविश्वास प्राप्त गर्न सेवालाई स्वच्छ, विश्वसनीय र भ्रष्टाचाररहित गराउनु अपरिहार्य छ । सरकारले थालनी गरेको सार्वजनिक सेवा केन्द्रबाट बिचौलियालाई पक्राउ गरी कारबाहीको प्रक्रियामा लैजाने कार्य सराहनीय छ । सार्वजनिक निकायमा हुने अनियमित कार्यलाई सहज गराउन भरपर्दो माध्यमका रूपमा रहेका बिचौलियाका कारण भ्रष्टाचार संस्थागत हुँदै गएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202011**

## जितगढी विजयउत्सव : राष्ट्रिय स्वाभिमानमा इतिहास रचेको दिन

नेपालले तत्कालीन विश्वको शक्तिशाली अङ्ग्रेज सेनालाई पराजित गरेको आज वैशाख ७ गते गौरवपूर्ण दिन हो । विसं १८७१ वैशाख ७ गते आजकै दिन बुटवलस्थित जितगढी किल्लामा नेपाली सेनाले आधुनिक हतियारले सुसज्जित अङ्ग्रेज सेनालाई परास्त गर्दै राष्ट्रिय स्वाभिमानको अद्वितीय इतिहास रचेको थियो । जितगढीमा अङ्ग्रेज-नेपाल युद्धका समयमा नेपाली सेनाले विजय प्राप्त गरेको दिन १८७१ वैशाख ७ गतेको दिन रहेको आधिकारिक मितिलाई नै बुटवल उपमहानगरपालिकाको २०७४ चैत २६ गते बसेको नगर कार्यपालिका बैठकले विजय उत्सव दिवसका रुपमा मनाउँदै आएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202061**

## प्रधानमन्त्री बालेनले विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरुसँग छलफल गर्दै

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले आज विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूसँग छलफल गर्दै छन् । यो छलफल दिउँसो १२ बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हुने छ । प्रधानमन्त्री कुलपति रहने ११ विश्वविद्यालय र सात वटा प्रतिष्ठानका उपकुलपतिहरूलाई छलफलमा बोलाइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बैठकमा विशेषगरी विश्वविद्यालय र प्रतिष्ठानहरुका समसामयिक समस्या र समाधानका उपायहरूबारे विमर्श हुने बताइएको छ । साथै कतिपय तत्कालै समाधान गर्न सकिने समस्याबारे पनि छलफल हुनेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914445/prime-minister-balen-holds-discussions-with-vice-chancellors-of-universities-and-institutes**

## विश्वविद्यालयबाट विद्यार्थी संगठन हटाउन सुरक्षा युनिट, भवन र जमिन नदिने

विश्वविद्यालयहरूले विद्यार्थी संगठनलाई कार्यालय सञ्चालनको लागि कोठा/भवन/जमिन नदिने निर्णय भएको छ । विश्वविद्यालयबाट विद्यार्थी संगटन हटाउने तयारी गरेको सरकारले संगठनलाई कोठा/भवन/जमिन नदिने निर्णय भएको हो । गत चैत २० मा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलको उपस्थितिमा सबै विश्वविद्यालयका उपकुलपतिहरूले हस्ताक्षरसमेत गरेका छन् । 'बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914171/security-units-buildings-and-land-will-not-be-provided-to-remove-student-organizations-from-the-university**

## भूपदेव शाहलाई महामन्त्री बनाउने रास्वपाको तयारी

रास्वपाले भूपदेव शाहलाई महामन्त्री बनाउने तयारी गरेको छ। आज बस्ने केन्द्रीय समिति बैठकमा शाहलाई महामन्त्री बनाउने प्रस्ताव अघि बढाउने तयारी गरेको स्रोतले अनलाइनखबरलाई जानकारी दियो। 'उहाँ (भूपदेव शाह) लाई महामन्त्रीको रुपमा बैठकमा प्रस्ताव पेश हुने कार्यसूची छ,' स्रोतले भन्यो, 'आजकै बैठकले उक्त प्रस्ताव पारित पनि गर्नेछ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914705/rashtriya-swayamsevak-sangh-rss-is-preparing-to-make-bhupdev-shah-the-general-secretary**

## प्रदेश खारेजीका लागि दुई तिहाई पुऱ्याउन सहयोग गर्छौं : ज्ञानेन्द्र शाही

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानबहादुर शाहीले प्रदेश संरचना खारेज गर्नका लागि आफ्नो पार्टीले सरकारलाई सहयोग गर्ने बताएका छन् । सोमबार पार्टीद्वारा काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले प्रदेश संरचना खारेज गर्नका लागि सरकारलाई दुई तिहाई मत चाहिए आफ्नो पार्टीले साथ दिने बताए । मुलुकमा हिन्दू राज्य स्थापना गर्न, राजासहितको प्रजातान्त्रिक शासन व्यवस्थाका लागि सरकार र सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीले सहयोग माग आफनो पार्टीले साथ दिने नेता शाहीको भनाइ थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914701/we-will-help-to-reach-two-thirds-for-the-abolition-of-provinces-gyanendra-shahi**

## पार्टी निर्णयको पालना गर्छु, अनुसन्धानमा सहयोग गर्न तयार छु : गृहमन्त्री गुरुङ

गृहमन्त्री सुधन गुरुङले आफ्नो विषयमा उठेका प्रश्नहरूको जवाफ दिँदै अनुसन्धानमा आवश्यक सहयोग गर्न तयार रहेको बताएका छन् । विवादित पृष्ठभूमिका व्यवसायीसँग आफ्नो जोडिएपछि उठेका प्रश्नबारे बोल्दै उनले उक्त आरोप र सत्य एउटै कुरा नभएको जिकिर गरेका छन् । '...म यति मात्र भन्न चाहन्छु, आरोप र सत्य एउटै कुरा होइनन् । निर्णय भावनाले होइन, प्रमाणका आधारमा हुनुपर्छ,' गुरुङले भनेका छन्, 'तथापि, म यस विषयमा पार्टीले गर्ने हरेक निर्णयको पूर्ण रूपमा पालना गर्नेछु र अनुसन्धानमा आवश्यक सहयोग गर्न तयार छु ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914643/i-will-abide-by-the-partys-decision-ready-to-cooperate-in-the-investigation-home-minister-gurung**

## प्रस्तावित प्रहरी विधेयकबारे अध्ययन गर्न एआईजीको नेतृत्वमा समिति गठन

संसद् विघटन भएसँगै निष्क्रिय भएको प्रस्तावित प्रहरी विधेयकबारे अध्ययन गर्न प्रहरी हेडक्वार्टरले समिति गठन गरेको छ। भदौ २३ र २४ मा भएको जेनजी प्रदर्शनपछि संसद् विघटन भएसँगै यसअघि पेस गरिएको प्रहरी विधेयक निष्क्रिय बनेको थियो। फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएपछि उक्त विधेयक अध्ययन गर्न समिति गठन गरिएको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/558105/aig-led-committee-formed-to-study-proposed-police-bill**

## युएई घुम्न जानेको पासपोर्टमा रोजगारी निषेध लेख्ने दुई अध्यागमन अधिकृतलाई जिम्मेवारीबाट हटाइयो

पर्यटक भिसामा युएई जानेको पासपोर्टमा रोजगार निषेध भनेर सर्त तोक्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका दुई अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ। प्रचलित कानुन र विभागीय निर्णयबाहिर गई गैरकानुनी अभ्यास गर्ने दुई अधिकृतलाई अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको जिम्मेवारीबाट हटाई छानबिन भइरहेको अध्यागमन विभागले जनाएको छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193227/2026-04-20**

## सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकार

जनताको पहुँच र कार्यसमेत स्थानीय तहबाट बढी नै भएको छ । जनप्रतिनिधि बहालभएसंगै स्थानीय तहबाट सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका अधिकाशं कार्य भएका छन् । स्थानीय संघसंस्था, स्थानीयवासीले कुनै सार्वजनिकको हित काम गर्नुपरेमा, चन्दा उठाउन नसकेकोले वा सहयोगीहरु हातहरु नभएकोले गर्न सकेन कार्यक्रम गर्न सकेन भन्नुपर्ने स्थिति रहेन ।बाँकी...

स्रोत : **https://newsofnepal.com/2024/05/24/645728/**

## बालमन्दिरको सम्पत्ति जोगाउन सरकारी पहल

बालेन्द्र शाह(बालेन) नेतृत्वको सरकारले व्यापारिक घराना विशाल ग्रुपले कब्जा गरिरहेको नेपाल बाल संगठन (बालमन्दिर) को जग्गा फिर्ता गर्ने पहल थालेको छ । लामो समयदेखि सरकारी अधिकारीहरूलाई प्रलोभनमा पार्दै विशाल ग्रुपले बालमन्दिरको २८ रोपनी ५ आना बहुमूल्य जग्गा आफ्नो नियन्त्रणमा राख्दै आएको थियो । बालेन नेतृत्वको नयाँ सरकार आएसँगै बालमन्दिरको सम्पत्ति फिर्ता ल्याउने पहल सुरु भएको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/20/764627/**

## उपकुलपतिहरूलाई प्रधानमन्त्री बालेनले भने- अफ्ठ्यारोमा सहयोग गर्छु

प्रधानमन्त्री बालेन शाहले विश्वविद्यालयमा अफ्ठ्यारो परेमा सहयोग गर्ने बताएका छन् । सोमाबार प्रधानमन्त्री कार्यालय सिंहदरबारमा उपकुलपतिहरूसँग उनले सहयोग गर्ने बताएका हुन् । 'प्रधानमन्त्रीज्यूले कुनै किसिमको अफ्ठ्यारो भएमा सहयोग गर्छु भन्नु भएको छ,' छलफलमा सहभागी एक उपकुलपतिले भने । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914802/prime-minister-balen-told-the-vice-chancellors-i-will-help-in-times-of-trouble**

## कार्यकक्षमा एआई क्रान्ति, कक्षाकोठामा सुस्त

ललितपुरको सिडर गेट टेक्नोलोजिजमा सफ्टवेयर डेभलपरका रूपमा कार्यरत ममता चौधरी हिजोआज नयाँ साथीसँग मिलेर कोडिङ गर्छिन् । उनको नयाँ साथी हो- अमेजन क्यु । अमेजन वेब सर्भिसेजले सफ्टवेयर विकास र डेटा विश्लेषणको काम सहज बनाउन यो एआई-एसिस्टेन्ट टुल विकास गरेको हो । सिडर गेटले लाइसेन्स नै खरिद गरेर आफ्ना डेभलपरहरूलाई यस्ता सहयोगी एआई टुल उपलब्ध गराएकाले काम सजिलो भइरहेको ममताको अनुभव छ । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/04/20/ais-speed-in-the-workplace-its-slowness-in-the-classroom-04-23.html**

## नेपालमै सर्पदंशको औषधि बनाउने वैज्ञानिक

भारतको आसाममा जन्मिएर बागलुङको गलकोट नगरपालिका-९ मा हुर्किएकी सुनिता घिमिरे गौतमको पारिवारिक पृष्ठभूमिमा कोही पनि उच्च शिक्षित थिएनन् । उनका बुबा भारतीय सेनामा कार्यरत थिए। ग्रामीण परिवेश र सीमितताका बाबजुद पनि सुनिताले आफूलाई सानैदेखि पढाइमा अब्बल साबित गर्दै लगिन् । २०५७ सालमा गलकोटकै जनजागृति उच्च माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्दा उनी बागलुङ जिल्लामै प्रथम भइन् । 'एसएलसीमा जिल्ला प्रथम हुनु मेरो जीवनको सबैभन्दा ठूलो टर्निङ प्वाइन्ट बन्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/personality/scientist-makes-snakebite-medicine-in-nepal**

## सशर्त अनुदान : संघीयताको आधार कि केन्द्रीकरणको हतियार ?

समानीकरण अनुदानको हिस्सा घट्नु र सशर्त अनुदानको हिस्सा बढ्नु वित्त आयोगले प्रत्येक वर्ष नेपाल सरकारलाई गर्ने सिफारिसको विपरीत स्थिति हो । यो खालको अभ्यासले स्थानीय तहको वित्तीय स्वायत्ततालाई अंकुश लगाउने वित्त आयोगको सिफारिसमा नै उल्लेख भएको छ । नयाँ सरकारको गठनसँगै अग्रगामी सुधारको बहस तीव्र भएको छ । सरकारका बाचापत्र, सय दिने कार्यसूची सार्वजनिक छन् । यसै बीचमा सरकारले सुशासनको मार्गचित्र पनि सार्वजनिक गरेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915113/conditional-grants-the-basis-of-federalism-or-a-weapon-of-centralization**

## मन्त्रिपरिषद् बैठकले के-के गऱ्यो निर्णय ? (सूचीसहित)

सरकारले आज बसेको मन्त्रिपरिषद् बैठकका मुख्य निर्णयहरू सार्वजनिक गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार दिउँसो मन्त्रिपरिषद् बैठक बसेको थियो । उक्त बैठकका निर्णयहरू सञ्चार, सूचना एवं प्रविधिमन्त्री विक्रम तिमिल्सिनाले जानकारी गराएका छन् । उनका अनुसार, तीन वटा ऐन संशोधन गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्न स्वीकृत भएको छ ।

बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915487/what-decisions-did-the-council-of-ministers-meeting-make-with-list-2**

## आफैं उपकरण किन्दै नेपालमा न्युरो सर्जरी सुरु गरे

आज उनी यो धर्तीमा छैनन्, तर नेपालमा आधुनिक शल्यचिकित्साको आधारशिला खडा गर्ने उनको साहस, संघर्ष र समर्पण चिकित्सा इतिहासमा सधैं उज्यालो भएर रहनेछ । जसले विदेशबाट आफैं उपकरण किन्दै नेपालमा न्युरो सर्जरी सुरु गरे । डा. दिनेशनाथ गोंगलले नेपालमा पहिलो पटक न्युरो सर्जरी सुरु गरेर आधुनिक शल्यचिकित्साको आधारशिला तयार पारे अ । डा. गोंगलले ४० हजारभन्दा बढी शल्यक्रिया गरी वीर अस्पतालमा न्युरो सर्जरी विभाग स्थापना गर्न महत्वपूर्ण भूमिका खेले । उनले डा. उपेन्द्र देवकोटालाई बेलायत पठाएर न्युरो सर्जरीमा दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गरे । वीरको अस्पतालको पाँचौं तलामा एक अप्रेसन थियटर छ, जसको नाम हो- गोंगल थियटर । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915407/who-started-neurosurgery-in-nepal-by-purchasing-equipment-from-abroad**

## फास्ट ट्र्याकमा कानुन बनाउन संसद्भित्र समय तोकिँदै

फास्ट ट्र्याकमा कानुन बनाउन संसद्भित्र समय तोकिँदै छ । विधेयक दर्ता भएपछि कति दिनभित्र परिपक्क हुने, कति दिनभित्र सामान्य छलफल गरिसक्नुपर्ने, दफाबार छलफलको लागि कति समयसम्म लगाउन पाइने भनेर संसद्भित्रको प्रक्रियामा समय तोक्न लागिएको हो । प्रतिनिधिसभा नियमावलीमा यस्तो व्यवस्था गरिँदैछ । बरु संशोधन हाल्नु अगाडि सांसदहरूलाई अध्ययनका लागि प्रयाप्त समय दिन खोजिँदैछ । विधेयकमाथि सैद्धान्तिक छलफल सकिएपछि सांसदहरूले संशोधन हाल्न पाउँछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915440/time-is-being-set-within-parliament-to-enact-laws-on-a-fast-track-basis**

## शासकीय सुधारका लागि डिजिटल रूपान्तरण

नेपालको निर्वाचित नयाँ सरकारले विद्युतीय सुशासन ढाँचा (ई-गभर्नेन्स फ्रेमवर्क) र डिजिटल नेपाल फ्रेमवर्कलाई शासन सुधारको केन्द्रमा राखेको छ । मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारका कार्यक्रमहरूको विश्लेषण गर्दा सरकारले प्रविधिमार्फत सेवाप्रवाह सुधार, डिजिटल शासन सुदृढीकरण र प्रमाण एवं तथ्याङ्क सहितको सुशासनलाई उच्च प्राथमिकतामा राखेको देखिन्छ। यो पहल स्वागतयोग्य छ । तर यी सबै पहलहरूको सफलता एउटै अदृश्य आधारशिलामा अडिएको छ- एकीकृत, विश्वसनीय र अद्यावधिक तथ्याङ्क प्रणाली। यो आधार नभए, जति भव्य फ्रेमवर्क बनाए पनि, जति ठूलो लगानी ल्याए पनि, नेपालको डिजिटल रूपान्तरण कागजमै सीमित हुनेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915347/digital-transformation-for-governance-reform**

## थला परेको सार्कको विकल्प किन नखोज्ने ?

मातृभूमि मान्नेहरू पनि दुई खालका छन् । जसले प्रकृतिलाई मूर्त बिम्ब बनाएर पूजा गरे तिनीहरू मूर्तिपूजक कहलिए। यिनीहरूले नै प्रकृतिको मूर्त बिम्बका रूपमा देवीका मूर्ति रचना गरे । जसले प्रकृतिको अमूर्त स्वरूपमा जोड गरे, तिनीहरूले अमूर्त प्रकृतिपूजाको मौलिका प्रणाली विकास गरे । यिनीहरूले ढुंगा, खोला, पानी, हिमाल आदिलाई विना आकृति श्रद्धा गर्ने परम्परा स्थापित गरे । यद्यपि मातृभूमिको अवधारणा यी दुवैको साझा पहिचान हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915799/why-not-find-an-alternative-to-the-defunct-saarc**

## अन्य दलबाट आएका नेता व्यवस्थापन गर्न रास्वपाले बनायो संघीय नेतृत्व मञ्च

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अन्तरिम पार्टी संरचना बनाएको छ । अन्य दलबाट रास्वपामा प्रवेश गरेका र केन्द्रीय समितिमा अटाउन नसकेका व्यक्तिहरूलाई समायोजन गर्ने गरी संघीय नेतृत्व मञ्च बनाएको हो । संघीय नेतृत्व मञ्चमा अन्य दलबाट रास्वपा प्रवेश गरेका व्यक्ति, अभियन्ता लगायतलाई समावेश गर्ने गरी उक्त संरचना गठन गरिएको नेताहरूले बताएका छन् । उपसभापति डा. स्वर्णिम वाग्लेको अवधारणाअनुसार संघीय नेतृत्व मञ्च बनाइएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1915787/rashtriya-swayamsevak-sangh-rss-has-formed-a-federal-leadership-platform-to-manage-leaders-from-other-parties**

## अबको शिक्षा : प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी

मानव सभ्यताको विकासक्रमसँगै शिक्षा प्रणालीले विभिन्न चरणहरू पार गरेको छ । कुनै समय शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यम थियो, पछि यसले सीप र दक्षता विकासमा जोड दियो र आधुनिक युगमा आएर शिक्षा प्रतिस्पर्धाको प्रमुख साधन बनेको देखिन्छ । आजको विश्व परिवेशमा अधिकांश शिक्षा प्रणालीहरू विद्यार्थीलाई 'अरूभन्दा अगाडि कसरी जाने' भन्ने सोचमा केन्द्रित छन्। तर प्रश्न उठ्छ–के शिक्षा केवल प्रतिस्पर्धा जित्नका लागि हो कि जीवनलाई अर्थपूर्ण, सन्तुलित र समाजोपयोगी बनाउनका लागि ? यसै सन्दर्भमा 'अवको शिक्षाः प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी' भन्ने अवधारणा अत्यन्त सान्दर्भिक र आवश्यक देखिन्छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/557689/future-education-not-competitive-but-inspiring**

## राज्यका निकायलाई सुदृढ बनाएर सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनुपर्छ : प्रधानमन्त्री शाह

प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानजस्ता निकायहरूलाई खारेज गर्नुको सट्टा सुधारमार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने स्पष्ट पारेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमा मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताए । "यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठूलो सहयोग पुग्नेछ," उनले भने । बाँकी...

स्रोत : **https://www.arthadabali.com/2026/04/21/87341**

## शैक्षिक सत्र सारिँदा अन्योल, क्यालेन्डर अस्तव्यस्त

सरकारले वैशाख ५ गतेबाट सुरु हुनुपर्ने नयाँ शैक्षिक सत्रलाई वैशाख २१ गते सार्ने निर्णय गरेपछि शैक्षिक क्षेत्रमा अन्योल र अव्यवस्थाको अवस्था सिर्जना भएको छ । वैशाख १५ गतेसम्म भर्ना नगर्न र २१ गतेभन्दा अगाडि पठनपाठन सुरु नगर्न शिक्षा मन्त्रालयले दिएको निर्देशनका कारण देशभर एकैसाथ सुरु हुने शैक्षिक सत्रको व्यवस्थित प्रक्रिया भत्किएको छ भने विद्यार्थी र शिक्षक अन्योलमा परेका छन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202393**

## महाअभियोग दस महिनाभित्र टुङ्गो

प्रतिनिधि सभामा पेस भएको महाअभियोग प्रस्ताव पारित नहुँदै सभाको कार्यकाल सकिएमा निर्वाचनपछिको सभाले १० महिनाभित्र टुङ्गोमा पुर्‍याउनुपर्ने भएको छ। प्रस्ताव दर्ता भई सभाको कार्यकाल सकिएको अवस्थामा नयाँ प्रतिनिधि सभाले ग्रहण गर्ने र आवश्यक निर्णय लिने अहिलेको व्यवस्थामा समयसीमा तोकिएको हो। प्रतिनिधि सभा नियमावली, २०८३ को मसौदा प्रतिवेदनमा निर्वाचनपछिको नयाँ प्रतिनिधि सभाले पाँच महिनामा अभिलेख ग्रहण गर्ने र अर्को पाँच महिनामा निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ। नियमावली मसौदा समितिले प्रतिवेदन मङ्गलबार सभामुख डोलप्रसाद अर्याललाई हस्तान्तरण गरेको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202312**

## 'राइट टु रिकल' को मर्म

नेपालमा 'राइट टु रिकल' अर्थात् जनताले आफूले निर्वाचित गरेको प्रतिनिधिलाई कार्यकालमै फिर्ता बोलाउने अधिकारको विषय पछिल्लो समयमा व्यापक बहसको केन्द्रमा छ । लोकतान्त्रिक अभ्यासको गुणस्तर उत्तरदायी नेतृत्व र राजनीतिक स्थायित्वबाट मापन गरिन्छ । यसको सम्बन्धलाई राजनीतिक चेत भएका व्यक्तिले प्रस्ट बुझ्नैपर्ने छ । मूलतः 'राइट टु रिकल' भन्नाले आफूले चुनेको सांसद, मेयर वा अन्य जनप्रतिनिधिलाई निश्चित प्रक्रिया पूरा गरेर फिर्ता बोलाउन सक्ने मतदाताको अधिकारलाई जनाउँछ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202345**

## भट्ट र अग्रवालको विवादित सेयर कारोबारमा ६ व्यापारीको संलग्नता

विवादास्पद व्यवसायी दीपक भट्ट र सुलभ अग्रवाललगायत समूहको मिलेमतोमा भएको सेयर कारोबारमा अन्य व्यापारीको समेत संलग्नता देखिएको छ। धितोपत्र बोर्डले तयार पारेको जाँचबुझ सुपरिवेक्षण प्रतिवेदनअनुसार भट्टसहित पाँच जना आरोपित र संस्था तथा व्यक्ति गरेर सात जना सहयोगीका रूपमा देखा परेका छन्। सुलभ अग्रवालकी श्रीमती शुभी अग्रवाल, जावलाखेल ग्रुपका प्रबन्ध निर्देशक राजबहादुर शाह, व्यवसायी ऋषिराज मोर र सन्दीप चाचान कसुरका आरोपित हुन्। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/04/23/6-businessmen-involved-in-bhatt-and-agarwals-controversial-share-transaction-57-24.html**

## प्रदेशलाई संघ सरकारबाट अड्चनै अड्चन

मुलुक संघीय संरचनामा प्रवेश गरेको एक दशक बितिसक्दा पनि प्रदेश सरकारहरूले संविधानप्रदत्त अधिकार प्रयोग गर्न पाएका छैनन्। संविधानबमोजिमका कतिपय महत्त्वपूर्ण अधिकार प्रदेशले प्रयोग गर्न पाउने गरी संघ सरकारले कानुन नै बनाइदिएको छैन। स्रोतसाधनमा समेत संघ (केन्द्र) मा प्रदेशको निर्भरता घटेको छैन। प्रदेशको प्रहरी प्रशासन र शान्तिसुरक्षा प्रदेश सरकारको एकल अधिकारभित्र पर्छन्। संविधानले प्रदेशलाई प्रदान गरेको २१ वटा एकल अधिकारको सूचीको पहिलो नम्बरमा प्रहरी प्रशासन र शान्तिसुरक्षाको जिम्मेवारी छ। बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/04/23/the-province-faces-obstacles-from-the-federal-government-27-43.html**

## क्रान्तिको चिहानमा उभिएका नेपाली कम्युनिस्टहरू

के ती कम्युनिस्टहरू अझै पनि क्रान्तिका प्रतिनिधि हुन्, कि क्रान्तिको चिहानमा उभिएका अल्पसंख्यक दर्शक मात्र ? नेपालको राजनीतिक इतिहासमा 'क्रान्ति' केवल एउटा शब्द होइन, एउटा जीवित अनुभव हो- त्याग, बलिदान र परिवर्तनको आकांक्षाले बनेको इतिहासको । यही इतिहासको केन्द्रमा उभिएका थिए नेपाली कम्युनिस्टहरू । २००६ सालमा पुष्पलाल श्रेष्ठले रोपेको विचारको बीउ समयसँगै आन्दोलनमा परिणत भएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1916461/nepali-communists-standing-in-the-graveyard-of-the-revolution**

## बढ्दै गर्मीको पारो, तराईमा तातो लहरको चेतावनी

केही दिनतया तराई मधेशका जिल्लामा बढेको गर्मीले जनजीवन प्रभावित भएको छ । आज पनि तराईका जिल्लामा तातो दिन कायम रहने र केही जिल्लामा तातो हावाको लहर चल्ने पूर्वानुमान छ । विभागका अनुसार आज कर्णाली प्रदेशबाहेक ६ वटै प्रदेशका तराई तथा उपत्यकाका खोँचहरुमा तातो दिन हुने प्रक्षेपण छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा भने तातो लहरको पनि सम्भावना रहेको विभागले आज बिहान जारी गरेको मौसमी बुलेटिनमा उल्लेख छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1916446/rising-summer-temperatures-heat-wave-warning-in-terai**

## जेनजी आन्दोलनका दोषीलाई कारबाही सिफारिस 'छिट्टै' : मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगले जेनजी आन्दोलनका बेला भएका घटनाका दोषीलाई कारबाही गर्न सरकारलाई 'छिट्टै' सिफारिस गर्ने भएको छ । अहिले त्यसको गृहकार्य अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले अनलाइनखबरसँग भने, 'हामी सकेसम्म छिटो सरकारलाई कारबाही सिफारिस गर्छौं । अहिले आयोग त्यसकै गृहकार्यमा जुटिरहेको छ ।' कहिले सिफारिस हुन्छ भन्ने अनलाइनखबरको प्रश्नमा उनले भने, 'ठ्याक्कै डेट त म भन्न सक्दिनँ तर छिट्टै गर्ने कुरा छ । हामी तयारी गरिरहेका छौं ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1916417/human-rights-commission-recommends-action-against-those-responsible-for-genji-movement-soon**

## प्रशासन सुधारका लागि प्राथमिकताका विषय

नेपालको प्रशासन संयन्त्र राजनीतिक परिवर्तनसँग निरन्तर अस्थिर रूपमा परिवर्तन हुँदा गर्नुपर्ने धेरै काम हुन सकेनन् । प्रशासनको ठूलो समस्या नै अधिक राजनीतीकरण हुनु हो । यसमा ट्रेड युनियनको व्यवस्थालाई व्यवस्थित गर्नु अपरिहार्य भएको छ । नेपालको प्रशासन संयन्त्र, सुधार र रूपान्तरणका ग्रन्थ र ठेली बोकेर हिंडिरहेको छ । २००९ सालको बुच कमिशनबाट प्रारम्भ भएको सुधारका प्रतिवेदन दर्जनभन्दा माथि पुगेका छन् । संरचनात्मक सुधारमा जोड दिंदै आएको कर्मचारीतन्त्र अब सोच, संस्कार र व्यवहारमा परिवर्तन गर्नुपर्ने ठाउँमा आइपुगेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1914494/priority-issues-for-administrative-reform**

## अब एक सातामै क्युआरसहितको लाइसेन्स

सवारीचालक अनुमतिपत्रका लागि लिइने (ड्राइभिङ लाइसेन्स) परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले अब कम्तीमा सात दिनभित्र लाइसेन्स लिन सक्ने भएका छन्। सुरक्षण मुद्रण केन्द्रबाट लाइसेन्स छाप्न सुरु गरिएसँगै सेवाग्राहीले परीक्षा उत्तीर्ण गरेको सात दिनभित्र लाइसेन्स लिन सक्ने अवस्था तयार भएको सम्बन्धित निकायका अधिकारीले जनाएका छन्। गत २१ कात्तिकयता छापिएका लाइसेन्स क्युआरसहितका छन्। यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेशमानसिंह राईका अनुसार मुलुकभरका आवेदन केन्द्रमा पुग्नुपर्ने र छापिएका लाइसेन्स सम्बन्धित कार्यालयमा पुऱ्याउनुपर्ने भएकाले राजस्व तिरेको कम्तीमा सात दिनभित्र सेवाग्राहीले लाइसेन्स पाउन सक्नेछन्। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193424/2026-04-23**

## सुनवलको शैक्षिक प्रशासनमा किचलो, शिक्षक अन्योलमा

पश्चिम नवलपरासीको सुनवल नगरपालिकामा 'शिक्षक काज फिर्ता' विषयमा देखिएको विवादले शिक्षक र विद्यालयहरू अन्योलमा परेका छन् । नगरपालिकाले ४८ घण्टाको अन्तरमा जारी गरेका दुई परस्परविरोधी पत्रहरूले स्थानीय सरकारको प्रशासनिक कार्यशैलीमाथि नै गम्भीर प्रश्न उठाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202544**

## एआई युगको शैक्षिक मार्गचित्र

मानव सभ्यताको समग्र विकासक्रमलाई वस्तुगत र सूक्ष्म ढङ्गले नियाल्ने हो भने हरेक युगान्तकारी आविष्कारले मानिसको जीवनशैली, चिन्तन प्रक्रिया र विशेष गरी सिकाइ पद्धतिमा आमूल परिवर्तन ल्याएको पाइन्छ । ढुङ्गेयुगमा आगो र पाङ्गाको खोजदेखि मध्ययुगमा जोहानेस गुटेनवर्गको छापाखाना, अनि २० औँ शताब्दीको उत्तरार्धमा भएको इन्टरनेटको विस्तारसम्मका हरेक घटनाले ज्ञानको निर्माण, भण्डारण र वितरणमा क्रान्ति नै ल्याएका थिए। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/2025071**

## सुधार खोज्दै भूमि प्रशासन

भूमि कुनै पनि राष्ट्रको आर्थिक, सामाजिक तथा भौतिक विकासको आधारस्तम्भ हो। भूमिमा नागरिकको पहुँच, न्यायोचित वितरण, वैज्ञानिक उपयोग र उच्च उत्पादकत्वले नै समग्र विकासको स्तर निर्धारण गर्छ। नेपाल जस्तो सीमित भूस्रोत, भौगोलिक विविधता र जनसङ्ख्या चाप भएको देशमा भूमि व्यवस्थापन अझ संवेदनशील र रणनीतिक विषय बनेको छ। परम्परागत सोच, विभाजित संरचना र अस्पष्ट कानुनी व्यवस्थाका कारण सेवा प्रवाह प्रभावकारी, छरितो र पारदर्शी हुन सकेको छैन; जसको असर नागरिकमा झन्झट, ढिलासुस्ती र अतिरिक्त खर्चका रूपमा देखिन्छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202509**

## साझा प्रयासबाटै पर्यावरण संरक्षण

जैविक विविधताका दृष्टिले नेपाल विश्वमै धनी र विशिष्ट मौलिक पहिचानयुक्त छ। भौगोलिक अवस्थिति, वातावरणीय विविधता, अग्ला हिमालदेखि समथर भूभागसम्म रहेकाले पनि नेपालको अन्तर्राष्ट्रिय पहिचान पृथक् रहेको हो। 'हाम्रो शक्ति, हाम्रो पृथ्वी' नारासाथ पृथ्वी दिवस मनाइरहँदा नेपालको जैविक विविधताको पहिचानलाई कायम राख्न वा जोगाउनुपर्ने चुनौती पनि उत्तिकै सघन विमर्शको विषय बनेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202485**

## बढ्दै गर्मीको पारो, तराईमा तातो लहरको चेतावनी

केही दिनतया तराई मधेशका जिल्लामा बढेको गर्मीले जनजीवन प्रभावित भएको छ । आज पनि तराईका जिल्लामा तातो दिन कायम रहने र केही जिल्लामा तातो हावाको लहर चल्ने पूर्वानुमान छ । विभागका अनुसार आज कर्णाली प्रदेशबाहेक ६ वटै प्रदेशका तराई तथा उपत्यकाका खोँचहरुमा तातो दिन हुने प्रक्षेपण छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा भने तातो लहरको पनि सम्भावना रहेको विभागले आज बिहान जारी गरेको मौसमी बुलेटिनमा उल्लेख छ । जल तथा मौसम विज्ञान विभागले तातो लहरले स्वास्थ्यमा असर पर्ने भएकाले घामबाट जोगिन र अत्यावश्यक नपरी घर बाहिर ननिस्किन सुझाव दिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1916446/rising-summer-temperatures-heat-wave-warning-in-terai**

## लोकतन्त्र दिवसको दिन पूर्वराजाको पोखरा भ्रमण, गर्दैछन् राजनीतिक भेटघाट

आज २० औं लोकतन्त्र दिवस । तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासन अन्त्य भई देशमा लोकतन्त्र स्थापना दिन । संयोग यस्तो परेको छ कि राजतन्त्र अन्त्य भएको ठिक दुई दशकपछि आफूले शासनसत्ता सुम्पिएकै दिन पारेर पूर्वराजा ज्ञानेन्द्र काठमाडौं बाहिर निस्कँदैछन् । देशमा भएको जेनजी आन्दोलनको जगमा राष्ट्रिय स्वतन्त्र पार्टीकको झण्डै दुईतिहाइको बहुमतसहित बालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि ज्ञानेन्द्र पहिलो पटक भ्रमणमा निस्किएका छन् । राजदरबार छाडेर देशको लोकतन्त्र आएको दिन पारेरै पूर्वराजा आज पोखरामा भ्रमणमा आउन लागेका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1917083/former-king-visits-pokhara-on-the-day-the-monarchy-ended-holds-political-meetings**

## संसद् अधिवेशन स्थगनले गम्भीर प्रश्नहरू उब्जायो : महामन्त्री प्रदीप पौडेल

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले संसद् अधिवेशन स्थगनले गम्भीर प्रश्नहरू उब्जाएको टिप्पणी गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले आह्वान गरेको २४ घण्टा नबित्दै सरकारको सिफारिसमा संसद् अधिवेशन स्थगन गरेपछि उनले यस्तो टिप्पणी गरेका हुन् । 'यस घटनाले बलियो बहुमत प्राप्त सरकारले नीति निर्माणका विषयमा संसदलाई विश्वासमा लिएर पारदर्शी रूपमा अघि बढ्नुपर्नेमा अध्यादेशको बाटो रोज्न खोजेको त होइन भन्ने आशंका उब्जाएको छ,' महामन्त्री पौडेलले शुक्रबार फेसबुकमा लेखेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1917099/postponement-of-parliament-session-raises-serious-questions-general-secretary-pradeep-poudel**

## लोकतन्त्रको सुन्दर पक्ष

नेपालमा लोकतन्त्र आएको १९ वर्ष पूरा भएको छ। दोस्रो जनआन्दोलन २०६२/६३ सफल भएर राजाको प्रत्यक्ष शासन अन्त्य भई लोकतन्त्र पुनर्स्थापना भएको सम्झनामा हरेक वर्ष वैशाख ११ गते विभिन्न कार्यक्रम गरेर यो दिवस देशभर मनाइन्छ । तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासनसत्ता हातमा लिएपछि तत्कालीन सात राजनीतिक दल र नेकपा (माओवादी) ले १२ बुँदे सम्झौता गरेसँगै लोकतन्त्रको आन्दोलन चर्किएको थियो । त्यसैको बलमा तत्कालीन राजा संसद् पुनर्स्थापना गर्न बाध्य भएका थिए । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202691**

## नागरिकलाई स्पर्श गर्ने लोकतन्त्रको खोजी

दुई दशकको यो अवधिमा नेपालले जुन तीव्रताका साथ प्रगति गर्न सक्थ्यो, त्यसमा भने चुकेको छ । उत्कृष्ट व्यवस्था हुँदाहुँदै पनि राजनीतिक नेतृत्वको कमजोरीका कारण आर्थिक समृद्धिको चाहना भने पूरा हुन सकेको छैन । २०६२/६३ को जनआन्दोलनसँग पराजित तत्कालीन राजा ज्ञानेन्द्र शाहले प्रतिनिधिसभा पुनःस्थापना गरेको २० वर्ष पूरा भएको छ । लोकतन्त्रको यस यात्रामा देशले कैयौं घुम्ती पार गरेको छ बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/04/24/the-search-for-a-democracy-that-touches-the-citizens-52-49.html**

## कुपिण्डे तालमा चलचित्र पर्यटन महोत्सव-२०८३ हुँदै

सल्यानको प्रसिद्ध पर्यटकीय स्थल कुपिण्डे तालमा 'कुपिण्डे चलचित्र पर्यटन महोत्सव-२०८३' वैशाख १२ गते (शनिबार) आयोजना हुने भएको छ । वनगाड कुपिण्डे नगरपालिकाको आयोजना तथा रेड चेरी मिडिया प्रा.लि.को व्यवस्थापकीय सहयोगमा महोत्सव सञ्चालन हुन लागेको हो । सरकारले घोषणा गरेको 'घुम्नै पर्ने १०० पर्यटकीय गन्तव्य' सूचीमा समावेश कुपिण्डे तालको प्रचार-प्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको नगरपालिकाले जनाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202737**

## एकसाथ ४५ विधेयकको मस्यौदा तयार पार्दै सरकार

संसद्को आसन्न बजेट अधिवेशनमै संघीय संसद्मा पेस गर्ने गरी मन्त्रालयहरूले ४५ विधेयकको मस्यौदा तयार गरिरहेका छन्। सबैभन्दा बढी कानुन मन्त्रालयले १० वटा विधेयकको मस्यौदा तयार पार्दै छ। बजेट अधिवेशनमै सयभन्दा बढी विधेयक पेस गर्ने सरकारको योजना रहेकाले अन्य विधेयकको मस्यौदा तयारीमा मन्त्रालयहरूले गृहकार्य गरिरहेका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/04/24/government-preparing-drafts-of-45-bills-simultaneously-18-34.html**

## संसद् अधिवेशन नबस्दै किन स्थगन गरियो ? ७ प्रश्नोत्तरमा बुझ्नुहोस्

सरकारले बोलाएको संसद् अधिवेशन सुरु हुनुअघि नै स्थगित गर्ने निर्णय लिएपछि अहिले राजनीतिक र संवैधानिक बहस सुरु भएको छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान गर्ने र अन्त्य गर्ने व्यवस्था नेपालको संविधान २०७२ ले दिएको भए पनि बोलाइसकेको अधिवेशन बैठक नै नबसी स्थगित हुनु दुर्लभ अभ्यास मानिन्छ । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/04/23/why-was-the-parliament-session-adjourned-without-sitting-understand-in-7-qa-58-28.html**

## गण्डकी सरकारको निर्णय : ४ करोडको गाडी किन्ने, ५ करोडको आपतकालीन स्वास्थ्य कोष बनाउने

गण्डकी प्रदेश सरकारले संसद सचिवालयका लागि ४ करोड रुपैयाँ बराबरको गाडी खरिद गर्ने भएको छ । वैशाख ९ गते बसेको मन्त्रिपरिषद बैठकले सचिवालयका लागि गाडी खरिद गर्ने निर्णय गरेको हो । भदौ २४ गतेको जेनजी आन्दोलनका बेला सभामुख, उपसभामुखसहित संसद सचिवालयका ४ वटा चार पांग्रे गाडी जलेका थिए । गाडी जलेपछि राप्रपा संसदीय दलका नेता पञ्चराम तमु र प्रमुख सचेतक विन्दु पौडेलले फिर्ता गरेको गाडी उनीहरुले चढिरहेका छन् । गाडी खरिदका लागि ४ करोड रुपैयाँको सैद्धान्तिक सहमति दिइएको र अबका गाडी इलेक्ट्रिक खरिद गर्नेबारे छलफल भइरहेको अर्थमन्त्री जीत बहादुर शेरचनले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1917106/gandaki-government-decision-purchase-of-vehicles-worth-rs-40-million-creation-of-an-emergency-health-fund-worth-rs-50-million**

## प्रहरी प्रशिक्षण प्रतिष्ठानको जग्गा प्रतिष्ठानकै हुने सरकारको निर्णय ऐतिहासिक : प्रहरी महानिरीक्षक कार्की

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको जग्गा पुनः प्रतिष्ठानकै स्वामित्वमा कायम राख्ने सरकारको निर्णयप्रति कृतज्ञता व्यक्त गरेका छन् । २१ भदौ २०७५ को मन्त्रिपरिषद् बैठकले प्रतिष्ठानको ११४ रोपनी ३ आना जग्गा राष्ट्रपति कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो । बिहीबारको मन्त्रिपरिषद् बैठकले महाराजगञ्जस्थित शीतल निवाससँगै जोडिएको प्रहरी एकेडेमीको जग्गा राष्ट्रपति कार्यालयलाई दिने निर्णय उल्ट्याएको थियो । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले शुक्रबार सामाजिक सञ्जाल फेसबुकमार्फत् सरकारबाट भएको उक्त निर्णय नेपाल प्रहरी संगठनका लागि अत्यन्त महत्वपूर्ण तथा ऐतिहासिक उपलब्धि भएको बताएका छन् ।बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1917089/governments-decision-to-keep-the-land-of-the-police-training-academy-as-the-academys-own-is-historic-inspector-general-of-police-karki**

## ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति तयार, आन्तरिक खपत बढाउनुपर्नेमा जोड

आर्थिक रूपान्तरणको प्रमुख आधार ऊर्जा क्षेत्रलाई बनाउने उद्देश्यसहित 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठसमक्ष पेश गरिएको छ। मन्त्रालयका सहसचिव सन्दीप कुमार देवको संयोजकत्वमा गठित समितिले तयार पारेको रणनीति पेश गरिएको हो । गत चैत १३ गते मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्यसूची अन्तर्गतको बुँदा ७४ (क) र (ग) बमोजिम ऊर्जा खपत र निर्यात रणनीतिलाई सम्बोधन गर्नेगरी ऊर्जामन्त्री श्रेष्ठले उच्चस्तरीय अध्ययन समिति गठन गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1916674/energy-consumption-growth-and-export-strategy-prepared-emphasis-on-increasing-domestic-consumption**

## तत्कालीन ओली सरकारको निर्णय उल्टियो, प्रहरी एकेडेमीको जग्गा आठ वर्षपछि फिर्ता

सरकारले महाराजगन्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (प्रहरी एकेडेमी)को ११४ रोपनी तीन आना जग्गा प्रतिष्ठानकै नाममा फिर्ता ल्याउने निर्णय गरेको छ। तत्कालीन केपी ओली नेतृत्वको सरकारले राष्ट्रपति कार्यालयलाई दिने भनी गरेको निर्णय उल्ट्याउँदै वर्तमान मन्त्रिपरिषद्ले उक्त जग्गा प्रहरीकै मातहतमा रहने सुनिश्चित गरेको हो। बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकपछि निर्णय सुनाउँदै सरकारका प्रवक्ता सस्मित पोखरेलले भने, '०७५ भदौ २१ को निर्णयबमोजिम राष्ट्रपतिको कार्यालयको नाममा हस्तान्तरण गर्ने गरी भएको निर्णयको सट्टामा सो जग्गा पूर्ववत् रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले नै प्रयोग गर्ने।' बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/193521/2026-04-24**

## प्राथमिकतामा रोजगारी

नियमित आयआर्जनका लागि रोजगारी वा स्वरोजगारी आवश्यक हुन्छ । नेपालको पछिल्लो समय रोजगारी सिर्जना ठप्पै जस्तो हुँदा बेरोजगारीको अवस्था कहालीलाग्दो छ । विशेष गरी राजनीतिक अस्थिरता र नीतिगत अन्योलले लगानी प्रवर्धन हुन सकेको छैन । नयाँ उद्योगधन्दा पनि खुल्न सकेको छैन । यसले मुलुकमा थप रोजगारीको सिर्जना हुन सकेन । बेरोजगार लाखौँ जनशक्ति रोजगार बन्नबाट वञ्चित भए । स्वदेशमा बेरोजगार भएर बस्नु परेपछि युवाले वैदेशिक रोजगारीलाई विकल्पका रूपमा रोजेका हुन् । यही विकल्पले पठाएको ठुलो परिमाणको विप्रेषणले मुलुकको अर्थतन्त्रमा टेवा त पुगेको छ तर विप्रेषणमा आधारित अर्थतन्त्र दिगो बन्न सक्दैन । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202689**

## 'सैन्य कलेज' मा विदेशी सैनिकको आकर्षण

भौगोलिक तथा पर्यावरणीय विशिष्टता, रणनीतिक, व्यावहारिक तालिम तथा अध्ययनका लागि शिवपुरीस्थित सैनिक कमान्ड तथा स्टाफ कलेज पछिल्लो समय विकसित तथा सुविधासम्पन्न विदेशी मुलुकका सैनिक अधिकृतहरूको रोजाइको केन्द्र बन्दै गएको छ । कलेजमा हाल सञ्चालन भइरहेको सिसं ३३ कमान्ड तथा स्टाफ तालिममा नेपालसहित भारत, चीन, अमेरिका, बेलायत जस्ता विकसित तथा शक्तिराष्ट्र एवं बङ्गलादेश, केन्या, माल्दिभ्स, नाइजेरिया र पाकिस्तान गरी १० विदेशी मुलुकका सैनिक अधिकृतसहित ९२ जनाको सहभागिता छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202672**

## सरकारको अभियानलाई समर्थन गर्दै मनोहराका ७ सय ७७ सुकुम्बासी परिवारले बस्ती छाड्दै

सरकारले थालेको सुकुम्बासी बस्ती खाली गर्ने अभियानलाई समर्थन जनाउँदै काठमाडौं-भक्तपुरको सीमाना मनोहरा खोला किनारमा बसिरहेका सकुम्बासीहरुले बस्ती खाली गर्न थालेका छन् । सार्वजनिक र व्यक्तिको जग्गा अतिक्रमण गरेर बनाइएका संरचना खाली गराउन थालेपछि मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीमा रहेको मनोहरा खोला किनाराका सुकुम्वासीले बस्ती छाडेका हुन् । सरकारको सुकुम्वासी बस्ती खाली गराउने अभियानप्रति पूर्ण समर्थन गर्दै मनोहराका ७ सय ७७ परिवारले बस्ती छाड्न थालेका हुन् । बाँकी... स्रोत : **https://nepallive.com/story/345939**

## एसइईको नतिजा वैशाख अन्तिम साता

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा वैशाख अन्तिम साता प्रकाशन गर्ने भएको छ । विगतमा परीक्षा सकिएको तीन महिनाभित्रमा नतिजा प्रकाशन गर्ने गरेको बोर्डले यस पटक भने एक महिनाभित्रमै नतिजा सार्वजनिक गर्न लागेको हो । बोर्डका सदस्यसचिव जङ्गबहादुर अर्यालका अनुसार एसइईको उत्तरपुस्तिका परीक्षण सकेर परीक्षार्थीको प्राप्ताङ्क कम्प्युटरमा प्रविष्ट गर्ने काम भइरहेको छ । अहिलेकै गति अनुसार काम भयो भने तेस्रो साताको अन्तिमतिरै नतिजा प्रकाशन गर्ने योजना रहेको पनि बोर्डले जनाएको छ । यो काम पनि एक दुई दिनमा सकिने छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202980**

## हट्यो बागमती किनार अतिक्रमण

अव्यवस्थित बस्ती विस्तार गरेर बागमती नदीकिनारमा गरिएको अतिक्रमण दशकौँपछि हटेको छ । सरकारले काठमाडौँ महानगरपालिका वडा नं. ११ स्थित थापाथली, वडा नं. ९ स्थित गैरीगाउँ र सिनामङ्गलमा बागमती नदीकिनार कब्जा गरेर बनाइएका घरटहरा शनिबार भत्काएको हो । थापाथलीमा डोजर चलेपछि गैरीगाउँ, सिनामङ्गल र महानगरकै वडा नं. ३१ स्थित शान्तिनगरमा रहेका सुकुमवासी बस्तीका बासिन्दाले धेरैजसो घरटहरा आफैँ भत्काएर सरसामान सारेका छन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202977**

## तमोर नदी र लम्बुखोला किनारको चैते धान

तेह्रथुमको म्याङलुङ नगरपालिका र छथर गाउँपालिका अन्तर्गत, पाँचथरको कुम्मायक गाउँपालिका सँग सिमाना जोडिएको लम्बुखोला मजुवा फाँट यतिबेला चैते धानखेतीले हराभरा बनेको छ। दुईतर्फ उभिएका अग्ला पहाडहरूको काखमा फैलिएको फराकिलो समथर फाँटमा लहलहाउँदै गरेका धानका बोटहरूले क्षेत्रलाई लोभलाग्दो बनाएका छन् । हरियो रंगले ढाकिएको यो फाँटले आँखालाई आनन्द दिनुका साथै यहाँका किसानहरूको मेहनत, आशा र भविष्यको संकेत पनि बोकेको छ । पाँचथरको कुम्मायक गाउँपालिका-५ भुल्केका स्थानीयहरूले यहाँ मुख्य रूपमा खेती गर्दै आएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1918465/chaite-rice-fields-on-the-banks-of-the-tamor-river-and-lambukhola-photos**

## नेपालको शासन, विदेशी सर्भर

हरेक अपलोड गरेको मन्त्रिपरिषद् टिप्पणी, वार्ताको मस्यौदा, सुरक्षा ब्रिफिङ, आयोगको प्रतिवेदन, कम्तीमा पनि कुनै विदेशी कम्पनीको सर्भरमा मेटडेटा, ट्रेनिङ डेट बनेर बस्छ । अर्को वर्ष कुनै विश्लेषकले क्लडलाई 'नेपालको सुरक्षा नीति' बारे सोध्दा त्यसको जवाफमा अहिले पेस्ट भएको फाइलको कुनै गन्ध हुन सक्छ । सम्पत्ति विवरणको विवादमा सुदन गुरुङले गृहमन्त्रीबाट राजीनामा दिए । यो लेखको विषय त्यो होइन । तर उनको छोटो कार्यकालले नयाँ प्रशासनको एउटा प्रवृत्ति उदाङ्गो भयो, जसबारे खासै कुरा भएको छैन । गृहमन्त्री गुरुङले प्रहरीका उच्च अधिकारीहरूलाई कार्की आयोगको प्रतिवेदनका सुझावमा तत्काल कारबाही गर्न भन्दा अधिकारीहरूले 'अध्ययन गर्न समय चाहिन्छ' भनेछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1918239/nepals-government-foreign-servers**

## रास्वपाप्रति लिङ्देनको टिप्पणी-चुचुरोमा पुगेर बसिरहन असम्भव, तल झर्नैपर्छ

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले हालै सम्पन्न निर्वाचनमा राप्रपाले गणित गुमाएको तर राजनीति नहारेको बताएका छन् । पार्टी केन्द्रीय सचिवालयले गरेको प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रम अन्तर्गत तनहुँमा आयोजित गण्डकी प्रदेशस्तरीय कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले पार्टीले तुलनात्मक रुपमा केही सिट गुमाए पनि आफ्नो एजेण्डाको आवश्यकता देशले महशुस गरिरहेको बताए । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/04/26/717700/lingdens-comment-on-the-rashtriya-swayamsevak-sangh-rss-it-is-impossible-to-stay-at-the-top-we-must-come-down/**

## १३ चुनौतीबीच सरकारले ऊर्जा क्षेत्रमा देखेको अवसर

सरकारले मुलुकको ऊर्जा क्षेत्रमा विभिन्न १३ चुनौती रहेको ठहर गर्दै त्यसलाई समाधानका लागि प्रभावकारी पहलकदमी एवं लगानी विविधकरण तथा कानुनी सुधार गर्नुपर्ने निष्कर्ष निकालेको छ। वितरण प्रणालीको क्षमता र गुणस्तर कमजोर हुनु, औद्योगिक क्षेत्रमा गुणस्तरीय तथा विश्वसनीय विद्युत् आपूर्तिको अभाव हुनुलाई चुनौतीका रूपमा लिएको छ । यस्तै, सरकारले घरायसी तथा व्यावसायिक क्षेत्रमा बढी विद्युत् खपत गर्ने उपकरणको प्रयोगमा वृद्धि गर्नु, कृषि, सिँचाइ तथा औद्योगिक क्षेत्रमा विद्युत् प्रयोग वृद्धि गर्नु र विद्युतीय सवारी चार्जिङ पूर्वाधारको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको छ । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/04/26/717662/13-opportunities-seen-by-the-government-in-the-energy-sector-amid-challenges/**

## संघीय निजामती सेवा ऐन नियमित प्रक्रियाबाटै आउने

सरकारले बहुप्रतीक्षित संघीय निजामती सेवा ऐन नियमित प्रक्रियामार्फत संसद्‌बाटै ल्याउने भएको छ । अध्यादेशमार्फत सो ऐन ल्याउने चर्चा चलिरहेको अवस्थामा अब भने सो ऐन संसद्‌बाटै आउने निश्चित भएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रवार संघीय निजामती सेवासम्बन्धी विधेयकको मस्यौदा आवश्यक सुझावका लागि सार्वजनिक गरेपछि अब सो ऐन नियमित प्रक्रियाबाटै आउने निश्चित भएको हो । मन्त्रालयकी सचिव चन्द्रकला पौडेलले संघीय निजामती सेवा ऐन अब नियमित प्रक्रियामार्फत संसद्‌बाटै जारी हुने बताउनुभयो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/26/765568/**

## सिंहदरबारप्रति जनआशा

यतिबेला सबैको ध्यान सत्ता सञ्चालनको मुख्य केन्द्र सिंहदरबारमा खिचिएको छ। सिंहदरबारबाट शासन सञ्चालन हुन थाल्यो भने परिणाम आउँछ भन्ने आमबुझाइ छ । सिंहदरबारबाट बलियो राष्ट्रियता, जवाफदेही, सुशासन र सामाजिक न्यायका पक्षमा नयाँ नयाँ निर्णयको अपेक्षा पनि गरिएको छ। विगतमा सिंहदरबारका नाममा बालुवाटारबाट शासन गर्ने परम्परा थियो । सत्ताका केन्द्र सिंहदरबार नभई प्रधानमन्त्री र मन्त्रीका निजी निवास हुन्थे । राज्यको मुख्य प्रशासनिक केन्द्रलाई नै ओझेलमा पारेर व्यक्तिका निजी निवासलाई सत्ता सञ्चालनका मुख्य केन्द्र बनाइएपछिको परिणाम हो 'अर्ली इलेक्सन' पछिको युवा बाहुल्य सरकार । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203004**

## उपभोक्तामा महँगीको मार

महँगी नेपाली जनजीवनको सबैभन्दा गम्भीर समस्यामध्ये एक बनेको छ। दैनिक उपभोग्य वस्तु खाना पकाउने ग्यास, इन्धन, खाद्यान्न सामग्रीको मूल्य निरन्तर बढ्दै जाँदा सर्वसाधारणको जीवनयापन झन् कठिन बन्दै गइरहेको छ। सीमित आम्दानी र बढ्दो खर्चबिच सन्तुलन कायम गर्न नसक्दा धेरै परिवार आर्थिक दबाबमा परिरहेका छन्। महँगी केवल आर्थिक समस्या मात्र नभई सामाजिक र मानसिक तनावको कारण पनि बनेको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/203003**

## ठुला भूकम्पको सामना

मानिसले अनुभव नगर्ने अत्यन्त स-सानादेखि ठुला विनाशकारी भूकम्प गइरहन्छन् । सामान्यतया ३.५ मानभन्दा साना भूकम्प मानिसले थाहा पाउँदैनन् । छ मानभन्दा सानो भूकम्पले खासै क्षति पु-याउँदैन । भूकम्पबाट हुने क्षति भूकम्पको मानका अलावा निर्मित संरचनाको गुणस्तर, स्थानीय भौगर्भिक अवस्था, भूकम्पको केन्द्रविन्दुको गहिराइ, भूकम्प गएको समय तथा जनचेतनाको स्तरलगायतका कुराले पनि निर्धारण गर्दछ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/202850**

## बहिरा शिक्षणमा द्वैभाषावाद

विश्वको इतिहासमा सुनाइसम्बन्धी समस्या भएका बहिरा तथा सुस्त श्रवण व्यक्तिलाई शिक्षण सिकाइको ऐतिहासिक उद्गम समय, स्थान, प्रयोगकर्ताको नालीबेली दिन सकिएको छैन । खोज अनुसन्धानका प्रतिवेदनमा पश्चिमा विकसित देशमा १७ औं शताब्दीदेखि नै बहिरालाई साङ्केतिक भाषामा शिक्षा दिन थालिएका तथ्य पाइन्छ । अभ्यास अनुसन्धानकै क्रममा केही विवाद, केही उपलब्धि, केही द्विविधा हुँदै सन् १८८० मा आइपुग्दा ‘इन्टरनेसनल कांग्रेस अन डेफ एजुकेसन’ को इटलीमा भएको विश्व सम्मेलन नामक भेलाले विद्यालयमा शिक्षक र विद्यार्थी दुवैले शिक्षण सिकाइका क्रममा साङ्केतिक भाषाको प्रयोग नगर्ने प्रस्ताव पारित गरी ओठे भाषा वा मौखिक विधिमा अध्यापन गर्न सिफारिस गरेको थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/202848**

## बालेनको समय : कति सहज, कति असहज ?

जुन देशमा स्रोत हुँदैन, भएको स्रोतको परिचालन हुँदैन, त्यो देशको विकास कहिल्यै पनि सम्भव हुँदैन । यो शाश्वत सत्य हो । यो सत्यलाई प्रधानमन्त्री बालेन र उहाँका सहयोगीहरूले मात्रै होइन, सबै पार्टीका निर्णायक तहमा बसेका नेताहरूले बुझ्न सक्नुपर्छ । नेपाली जनताले प्रधानमन्त्री बालेन शाहबाट ‘चमत्कार’ को आशा गरेका छन् । त्यो चमत्कारको न कुनै आकार छ, न कुनै परिभाषा । प्रधानमन्त्री बालेनले जनताको मनमा आशा जगाउनु भएको छ । कुरा यति नै हो । यस्तो आशा प्रधानमन्त्री बालेनका पक्षमा राम्रो भए पनि, जनताका अपेक्षा अनुसारको आशा जगाउन सके पनि भरोसा दिलाउने अवस्थामा उहाँ हुनुहुन्न । प्रधानमन्त्रीका रूपमा देशको शासन सत्ताको बागडोर सम्हालेपछि वालेन्द्र शाहले दुई ठूला निर्णय गर्नु भएको छ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/04/25/balens-time-how-comfortable-how-uncomfortable-39-30.html**

## परीक्षामा सुकुमवासी व्यवस्थापनको बालेन सोच

बालेन सरकारले वर्षौंदेखि अल्झिएको यो समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न पहल लिएको हो भने त्यो पक्कै पनि सराहनीय छ । तर, सहरको सौन्दर्यकरणको नाममा एउटा कुनाको मानवीय सङ्कटलाई अर्को कुनामा सार्ने काम मात्रै हुनुहुँदैन । करिब दुईतिहाइ बहुमतका साथ प्रधानमन्त्री बनेका वालेन्द्र शाह (बालेन) को नेतृत्वमा यतिबेला काठमाडौंका खोला किनारका करिब चार हजार सुकुमवासी बस्ती हटाउने अभियान तीव्र पारिएको छ । विगतमा काठमाडौं महानगरपालिकाको मेयर हुँदा सङ्घीय सरकारको असहयोगले रोकिएको यो कदमलाई उनले प्रधानमन्त्री बनेपछि तीनवटै सुरक्षा निकायसँगको समन्वयमा अघि बढाएका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1918467/balens-thinking-on-slum-management-in-the-exam**